ब्रिक्स सम्मेलनमा भाग लिन भारतीय प्रधानमन्त्री मोदीले रूसको भ्रमण गर्ने पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १४७ • २०८१ साल कार्त्तिक ३ गते शनिबार (19 October, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## प्रतिपक्षी बैठकमा लोसपा, सत्तारुढ दलमा तरंग

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिपक्षी दलको संयुक्त बैठकमा सत्तारुढ लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरको सहभागिताले सत्तारुढ दलमा तरंग उत्पन्न भएको छ ।

सो बैठकलाई लिएर सरकारलाई समर्थन गरेको दलदेखि सत्तारुढ दलहरुसम्मले विभिन्न खाले टिकाटिप्पणी गरेका छन् ।

तर लोसपा नेपालका अध्यक्ष ठाकुरले भने विपक्षी दलको बैठकमा आफ्ना पीडाहरु पोखेका छन् । उनले पटक-पटक आफ्नो दल विभाजन हुने गरेकोले आफू पीडित रहेको बताएका छन् ।

सो बैठकमा छलफलको क्रममा अध्यक्ष ठाकुरले राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याउने पक्षमा आफू नरहेको बताए । सो बैठकमा सहभागी एक नेताका अनुसार अध्यक्ष ठाकुरले अध्यादेश आउँदा साना दलहरू विभाजन हुने गरेको अनुभव सुनाए । उनले अध्यादेशका विषयमा प्रतिपक्ष दलको एजेन्डामा आफ्नो समर्थन रहे पनि सत्तामा भएकाले आधिकारिक हस्ताक्षर गर्न नमिल्ने कुरा राखेका थिए ।

आफूहरूले उठाउँदै आएको माग अझै पूरा नभएको अध्यक्ष ठाकुरले बताए । सो बैठकमा अध्यक्ष ठाकुरले भने, 'तपाईं हामी सबै एकसाथ सङ्घर्ष गरेको होइन, जेलनेल एकसाथ भोगेको होइन तर तपाईंहरुको सबै माग पुरा भयो, सबै इच्छा पुरा भयो, हाम्रो खोइ ?'

आफूहरू अझै पीडित रहेको बताउँदै अध्यक्ष ठाकुरले भने, 'मधेश आन्दोलन गरेका नेताहरू अझै जेलमा रहेका र चार जनाले आजीवन जेल जीवन बिताइरहनु भएको छ ।' यो विषयमा सबै गम्भीर हुनुपर्ने उनले बताए ।

यसैबीच अध्यक्ष ठाकुरले विपक्षी दलको संयुक्त बैठकमा सहभागी भएको विषयलाई लिएर जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले टिप्पणी गरिरहँदा सत्तारुढ नेकपा एमालेले भने सो बैठकमा सहभागिता भएको बारेमा व्यक्तिगत भेटघाटसमेत हुन सक्ने भन्दै सचेततापूर्वक टिप्पणी गरेको छ ।

विपक्षी गठबन्धनको बैठकमा महन्थ ठाकुरको उपस्थितिले सत्ता घटक दलहरूबिचको समझदारी, सहकार्यमा कुनै फरक पर्छजस्तो आफूलाई नलागेको मुख्य सचेतकसमेत रहेका एमाले नेता महेश बर्तौलाले बताए ।

# पूर्व गृहमन्त्री लामिछाने पक्राउ

## सूर्यदर्शन सहकारीको रकम अपचलन गरेको अभियोग

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई ठगी आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

पोखरास्थित सूर्यदर्शन सहकारी ठगी आरोपमा पूर्वगृहमन्त्रीसमेत रहेका सभापति लामिछाने पक्राउ परेका छन् । कास्की जिल्ला अदालतले पक्राउ अनुमति दिएसंगै प्रहरीले उनलाई पक्राउ गरेको छ ।

शुक्रबार उनका सहकर्मी छविलाल जोशीलाई पनि अदालतले अनुसन्धानका लागि २० दिन म्याद थप गरेको छ । असोज १७ गतेदेखि लागु हुने गरी उनलाई सो समय म्याद थप गरेको छ ।

यससंगै रवि र छवि दुवै थुनामा रहने छन् । गोर्खा मिडियामा पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलन गरेको अभियोगमा दर्ता भएको पूरक जाहेरीका आधारमा अनुसन्धानका लागि प्रहरीले रविलाई पक्राउ गरेको छ ।

शुक्रबार साँझ पक्राउ परेका सभापति रवि लामिछानेलाई स्थलमार्गबाटै पोखरा लगिएको छ ।

उनलाई गाडीबाटै पोखरा लैजान लागिएको छ । लामिछानेकै इच्छा अनुसार प्रहरीले लामिछानेलाई गाडीबाट लगिएको जनाइएको छ ।

सभापति लामिछानेसंग उपसभापति डीपी अर्याल कार्यवाहक प्रवक्ता मनिष झा पनि संगै जाने जनाइएको छ । रास्वपाका अर्का नेता स्वर्णिम वाग्ले तनहुँमा छन् । उनी पनि पोखरा पुग्दै छ ।

पक्राउ परेका सभापति लामिछानेलाई आइतबारमात्र कास्की जिल्ला अदालतमा पेस गरिने छ । शनिबार विदा भएकाले प्रहरीले उनलाई आइतबार कास्की जिल्ला अदालतमा पेस गर्ने भएको छ । अदालतमा सभापति लामिछाने माथि अनुसन्धानका लागि प्रहरीले समय माग गर्ने र जिल्ला सरकारी वकिल कार्यालय कास्कीसहितको टोलीले उनीमाथि अनुसन्धान सुरु गर्ने जनाइएको छ । प्रहरीले सभापति लामिछाने माथि तीन वटा अभियोगमा अनुसन्धान गर्ने भएको छ । यसअघि पक्राउ परेका छविलाल जोशीलाई दाबी गरेका सबै अभियोग लामिछाने माथि पनि अनुसन्धान गर्ने छन् ।



लामिछाने सहकारीको रकम संगठित रूपमा ठगी गरेको भन्दै सहकारी ऐन, २०७४ र संगठित अपराध निवारण ऐन, २०६४ ले वर्जित गरेको कसुर र सम्पत्ति शुद्धीकरणमा अनुसन्धानका लागि प्रहरीले म्याद माग गर्नेछ ।

सूर्यदर्शन सरकारीमा संगठित रूपमा ठगी गरेकाले ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा अनुसन्धान हुने भएको छ । आइतबार रविलाई अदालतमा पेस गरेपछि सरकारी वकिलहरूले बहस गर्नेछन् । भने दुवै पक्षको बहसपछि अदालतले अनुसन्धानका लागि प्रहरीलाई उचित समय उपलब्ध गराउने छ । हालसम्मको अभ्यास हेर्दा सुरुमा पाँचदेखि सात दिन म्याद थप हुने सम्भावना रहेको छ । सो म्याद सकिएपछि फेरि म्याद थपका लागि अदालतमा पेस गरिने छ ।


कास्की प्रहरीले बयान र अभियोगपत्र जिल्ला सरकारी वकिल कार्यालयलाई नबुझाएसम्म म्याद थपको प्रक्रिया अघि बढाइने छ । सहकारी ठगी र संगठित अपराध गरी ६० दिनसम्म उनलाई थुनामा राखेर प्रहरीले अनुसन्धान गर्ने सम्भावना छ । ६० दिन पूरा हुनु अगावै प्रहरीले अनुसन्धान प्रतिवेदनसहित जिल्ला सरकारी वकिलको कार्यालय कास्कीमा बुझाउने छ । त्यसपछि सम्पत्ति शुद्धीकरणमा थप अनुसन्धान गर्न चाहेमा ९० दिनसम्म म्याद थपको माग प्रहरीले गर्न पाउने छ ।

त्यसपछि अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालय पुग्ने छ । जिल्ला सरकारी वकिल कार्यालयले अनुसन्धान प्रतिवेदनमा अध्ययन गरेर अभियोग दाबीसहित जिल्ला अदालत कास्कीमा पेस गर्नेछ । जिल्ला अदालतमा अभियोगपत्र पेस भएपछि लामिछानेको थुनछेक बयान अनि बहस सुरु हुनेछ ।

अदालतले सुरुमा बयान गराउने छ भने दुवै पक्षको दोहोरो बहस हुनेछ । दुवै पक्षको बहसपछि जिल्ला अदालतले थुनामा पठाउने कि धरौटी माग गर्ने भन्ने निर्णय सुनाउने छ । जिल्ला अदालतले धरौटी माग गरे रवि रिहा हुने छन् भने थुनामा पठाएमा उनी जेलमा जाने छन् ।

जिल्ला अदालतको आदेशपछि लामिछानेलाई उच्च अदालत र सर्वोच्च अदालतमा जाने बाटो भने खुल्ला हुनेछ । जिल्लाको आदेशविरुद्ध उच्च अदालत पोखरा र उच्च अदालतको आदेश पनि चित्त नबुझे सर्वोच्चसम्म आउने विकल्प लामिछानेसंग रहने छ ।



# राजविराज कारागारमा क्षमताभन्दा चौब्बर कैदीबन्दी, कारागारको जग्गा पनि अतिक्रमण

राजविराज। राजविराजस्थित कारागारको जग्गा अतिक्रमणको चपेटामा परेको छ । कुल दुई बिघा १३ धुर क्षेत्रफल रहेको कारागारको एक बिघा जग्गा अतिक्रमण भएको हो ।

कारागार आसपासका स्थानीयले जग्गामा घरटहरा बनाएका कारण जग्गा अतिक्रमणमा परेको जेलर प्रवीणकुमार अधिकारीले बताउनुभयो। अतिक्रमित जग्गामा पक्की र फुसका गरी ८० वटा घर निर्माण भइसकेका छन् । अतिक्रमित जग्गा खाली गराउन कारागार प्रशासनले विभिन्न समयमा राजविराज नगरपालिका, कारागार विभाग र स्थानीय प्रशासनले विगत १० वर्षदेखि 'अतिक्रमित जग्गा खाली गर्ने' सम्बन्धी ३५ र १५ दिने सूचना पटकपटक जारी गरे पनि कार्यान्वयन हुन नसकेको उहाँले बताउनुभयो ।

विसं २००८ मा निर्माण भएको राजविराज कारागार सरकारी उपेक्षाका कारण जीर्ण, लथालिङ्ग र असुरक्षित बन्दै गएको छ। एक सय २५ जना कैदी राख्ने क्षमताको सो कारागारमा



हाल १४ महिलासहित चार सय ७६ कैदीबन्दी राखिएको जेलर अधिकारीको भनाइ छ।

उहाँले भन्नुभयो, "एकातिर जीर्ण भवन अर्कोतिर क्षमताभन्दा चौब्बर बढी कैदीबन्दी राख्नुपर्दा जोखिमसँगै निगरानी र व्यवस्थापन गर्न समस्या भएको छ ।" उहाँका अनुसार पुरानो, जीर्ण र साँघुरो कारागारमा चौब्बर कैदीबन्दी कोचिएर राखिएको छभने अर्कोतिर अतिक्रमण, दरबन्दीअनुसारका स्वास्थ्यकर्मी, जेनेरेटर, इन्भर्टरलगायत भौतिक सामानसमेत अभाव छ।

कारागारमा दम, श्वासप्रश्वास, प्यारालाइसिस, उच्च रक्तचाप, मधुमेहलगायत रोगले पीडित कैदीबन्दीको सङ्ख्या ठूलै रहे पनि स्वास्थ्यकर्मी नहुँदा समस्या भएको उहाँको भनाइ छ । कैदीबन्दी अहिलेसम्मकै उच्च सङ्ख्या भएको भए पनि दरबन्दीअनुसारको पदपूर्ति हुनसकेको छैन ।

क्षमताभन्दा धेरै कैदीबन्दी राख्दा समस्या भएपछि सङ्ख्या घटाउन अन्यत्रको कारागारमा सरुवाको प्रयास गरे पनि घरपायक मोहका कारण कैदीबन्दी अन्यत्रका कारागारमा जान नमानेको कारागार प्रशासनले जनाएको छ । क्षमताभन्दा चौब्बर कैदीबन्दी भएपछि शौच र नुहाउनेदेखि खाना पकाउन र खान पनि लाइन लाग्नुपर्ने बाध्यता रहेको कैदीबन्दीको भनाइ छ । रासस

# पर्यटकलाई थप आकर्षित गर्दै 'हात्तीदह सिमसार'

सिरहा । सिरहाको लहान नगरपालिका-१५ स्थित चुरेका फेदमा अवस्थित 'हात्तीदह सिमसार' क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकको लागि प्रसिद्धस्थल हो । चाडपर्वलाई लक्षित गरि नयाँ संरचना निर्माण गरिएपछि अहिले यस क्षेत्र थप आकर्षण बनेको छ।

झण्डै तीन वर्षअघि 'कोइरालो खोला नमूना सामुदायिक वन'भित्रको सिमसार क्षेत्रलाई संरक्षण र व्यवस्थापन गरी 'इको टुरिजम' को विकास गरिएपछि यहाँ पुग्ने कोही पर्यटकको मन लोभ्याउने गरेको छ । सिरहा, सप्तरी, धनुषालगायत घनाबस्ती रहेको तराईवासीको लागि शान्त र रमणीयस्थल बनेको छ 'हात्तीदह सिमसार' क्षेत्र।

"पछिल्लो समय यस क्षेत्रमा दैनिक आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् ।" स्थानीयवासी मुगालाल चौधरीले भन्नुभयो,"पर्यटक दिनदिनै बढेपछि यहाँका स्थानीय हर्षित भएका छन्, हामी हर्षित छौँ ।" पूर्वाधारको विकास गर्दै यसको प्रचारप्रसारलाई व्यवस्थित गरी पर्यटक आगमनमा अझ वृद्धि गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। असार र भदौ महिनामा पर्यटकको उपस्थिति न्यून हुने भए तापनि चाडपर्व सुरु भएसँगै अहिले पर्यटक सङ्ख्यामा उल्लेख्य वृद्धि भएको हात्तीदह सिमसार तथा पर्यटक




क्षेत्र संरक्षण तथा सञ्चालक समितिका अध्यक्ष रुद्रनारायण चौधरीले बताउँनुभयो ।

उहाँले भन्नुभयो,"अरु समयमा भन्दा चाडपर्वमा बढीनै पर्यटक आउँने गर्दछन् । त्यसैले यस वर्षको दसैँ, तिहार तथा छठ पर्वलाई लक्षित गरि थप विभिन्न संरचना बनाएका थियौँ। सोहीअनुरुप दसैँमा उल्लेख्य मात्रामा पर्यटकको आगमन भयो । जसले गर्दा हामी अझै उत्साहित भएका छौँ ।" अघिल्लो वर्षमात्र एक लाख २१ हजार आन्तरिक तथा बाह्य पर्यटकले भ्रमण गरेको अध्यक्ष चौधरीले जानकारी दिनुभयो ।

लहान नगरपालिका, राष्ट्रपति चुरे संरक्षण विकास कार्यक्रम डिभिजन वन कार्यालय लहान, संसदीय विकास कोष, वृहत् जलाधार व्यवस्थापन कार्यलय उदयपुर लगायतको सहयोगमा यस क्षेत्रलाई पर्यटकीय क्षेत्रमा रुपान्तरण गरिएको हो ।

चुरे पर्वतको फेदमा हरियाली वनजङ्गल, बीचमा 'बोटिङ' सहितको स्वच्छ र सफा पोखरी, प्राणी उद्यान केन्द्र सञ्चालन, चिसो हावापानी र शान्त वातावरण यहाँको आकर्षण हुन् । त्यसैगरी 'चिल्ड्रेन पार्क' तथा सेल्फी खिच्नका लागि विभिन्न आकर्षक डिजाइनले पर्यटकलाई लोभ्याउने गर्दछ । आगामी दिनमा पर्यटकलाई थप आकर्षित गर्नको लागि साहसिक पर्यापर्यटन, सामुदायिक होमस्टे प्रवर्द्धन, घोडा सवारी, पोखरीमाथि 'सेल्फी पुल' निर्माण तथा सूचना केन्द्र स्थापना गर्ने जस्ता योजना रहेको अध्यक्ष चौधरीले जानकारी दिनुभयो । उहाँले यस पर्यटकीय क्षेत्रको आन्तरिक आम्दानीबाट स्थानीयको रोजगारीमासमेत सहयोग मिलेको बताउनुभयो। रासस

# युवकको शव फेला



**टुडे समाचारदाता**

बारा। बारामा एक युवकको शव फेला परेको छ।

जिल्लाको प्रसौनी गाउँपालिका -१ स्थित त्रिवेणी गण्डक नहरमा अन्दाजी २६ वर्षे वीरेन्द्र साह सोनारको शव फेला परेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

मृतक सोनार पर्साको वीरगञ्ज महानगरपालिका -३ स्थित छपकैयाको रहेको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिए । शवलाई पोष्टमार्टमका लागि नारायणी अस्पताल वीरगञ्जमा पठाइएको तथा घटना बारेमा अनुसन्धान सुरु गरिएको उनले बताए।


सोनारको घरमा विगत दुई वर्षदेखि डेरागरी बस्दैआएका एक भारतीय व्यक्तिसँग मेला हेर्न साह मुसहर्वा गएका थिए।

सोही दिनदेखि डेरामा बस्दै आएका भारतीय व्यक्ति फरार छन्। भने यता शव परीक्षणको रिपोर्ट आएपछि त्यस बारेमा थप कुरा भन्न मिल्ने बारा प्रहरीले जनाएको छ।

# बिपी पुत्र प्रकाशद्वारा कोजाग्रत पूर्णिमाका अवसरमा चियापान

काठमाण्डु । प्रथम जननिर्वाचित प्रधानमन्त्री एवं नेपाली कांग्रेसका संस्थापक नेता बिपी कोइरालाले राष्ट्रिय एकता तथा मेलमिलापका लागि सुरु गर्नुभएको चियापान कार्यक्रमलाई उहाँका जेठा छोरा प्रकाश कोइरालाले निरन्तरता दिनुभएको छ।

विसं २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई करिब १० वर्ष लामो भारत निर्वासन छाडेर स्वदेश फर्कनुभएका बिपीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै तत्कालीन सुन्दरीजल बन्दीगृह हालको बिपी सङ्ग्रहालयमा लगिएको थियो । त्यसै वर्ष उपचारका लागि जेलबाट छुटेदेखि बिपीले बडादसैँको कोजाग्रत पूर्णिमाका दिन चियापान सुरु गर्नुभएको



थियो । बिपीको देहान्तपछि चियापानको यो परम्परालाई कांग्रेसका नेताहरू गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला र शेरबहादुर देउवाले निरन्तरता दिँदै आउनुभएको थियो।

बिपी विचार छाडेको कांग्रेसका नेता, कार्यकर्ताले कोजाग्रत पूर्णिमाका दिन चियापान कार्यक्रम आयोजना गर्नुको अर्थ नहुने भन्नुहुँदै पूर्वमन्त्रीसमेत रहनुभएका नेता कोइरालाले कांग्रेस बिपीले देखाएको बाटोमा हिँड्नुपर्नेमा जोड दिनुभयो । आगामी वर्षमा पनि कोजाग्रत पूर्णिमाका अवसरमा बिपीले सुरु गर्नुभएको चियापानको परम्परालाई निरतन्तरता दिने उहाँको प्रतिबद्धता थियो।

कार्यक्रममा बलिउड नायिका एवं बिपीकी नातिनी मनिषा कोइराला, बिपीकी छोरी चेतना कोइराला, सुशील कोइराला मेमोरियल फाउण्डेसनका सदस्यसचिव अतुल कोइरालालगायत सहभागी हुनुभएको थियो।

सो अवसरमा बिपी पुत्र कोइरालालगायतले सङ्ग्रहालय परिसरमा रहेको बिपीको पूर्णकदको सालिकमा माल्यार्पण गर्नुभएको थियो । कार्यक्रममा उपस्थित इच्छुक महानुभावलाई कोइरालाले टीका तथा जमरासहित आशीर्वाद पनि दिनुभएको थियो। रासस

# दशैँमा कोशी प्रदेशमा दुई सय ६९ सवारी दुर्घटना, १४ जनाको मृत्यु

इनरुवा । दशैँमा कोशी प्रदेशमा दुई सय ६९ वटा सवारी दुर्घटना हुँदा १४ जनाको मृत्यु भएको छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरी सुनसरीले बिहीबार पत्रकार सम्मेलन आयोजना गरी दसैँको अवधिमा कोशी प्रदेशमा दुई सय ६९ वटा सवारी दुर्घटना हुँदा १४ जनाको मृत्यु भएको जनाएको छ।

घटस्थापनादेखि असोज २९ गतेसम्म भएको दुर्घटनामा १३ पुरुष र एक जना महिलाको मृत्यु भएको सुनसरीका प्रमुख प्रहरी उपरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो । दुर्घटनामा सबैभन्दा बढी मोरङमा र सबैभन्दा कम धनकुटा र खोटाङमा मृत्यु भएको उहाँले बताउनुभयो।



प्रहरी उपरीक्षक घिमिरेका अनुसार मोरङमा ९५ ठाउँमा दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छभने १६ जना घाइते भएका छन् । सुनसरीमा ६५ ठाउँमा सवारी दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छभने सात जना घाइते भएका छन्। झापामा ७२ वटा दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ। त्यसैगरी धनकुटा र खोटाङमा एक-एक जनाको मृत्यु भएको छ।

बाह्र दिनमा सात हजार पाँच सय ९१ वटा सवारी कारबाहीमा परेका छन् भने रु ५१ लाख ९५ हजार पाँच सय राजस्व सङ्कलन भएको छ। आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा दशैँका बेलामा छ दिनमा एक सय ३५ वटा सवारी दुर्घटना भएको थियो। रासस

# देशभरको तापक्रम क्रमशः घट्दो

काठमाण्डु। हाल देशभर पश्चिमी वायुको प्रभाव रहनुका साथै कोशी, बागमती र गण्डकी प्रदेशको पहाडी भागमा स्थानीय वायुको पनि केही प्रभाव रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

देशबाट मनसुन बाहिरिएसँगै काठमाडौँ उपत्यकालगायत देशका विभिन्न भागको तापक्रम क्रमशः घट्न थालेको छ । काठमाडौँ उपत्यकाको अहिलेको तापक्रम १६ डिग्री सेल्सियस मापन गरिएको छ । आज यहाँको अधिकतम तापक्रम २६ देखि २८ डिग्री सेल्सियसका बीच रहने विभागको पूर्वानुमान छ।

विभागका अनुसार कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही भागमा आंशिकदेखि साधारणतया बदली रहेको र बाँकी भागमा मौसम सफा रहेको छ।

विभागले आज बिहान ६:०० बजे जारी गरेको मौसम बुलेटिन अनुसार आज दिउँसो देशका पहाडी भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भागमा मौसम सफा रहने छ । कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भागका केही स्थान तथा बाँकी प्रदेशका पहाडी भागका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना छ।

त्यसैगरी आज राति कोशी, बागमती र गण्डकी प्रदेशको पहाडी भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भागमा मौसम सफा रहनेछ । कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भागका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना छ। रासस

# समस्याग्रस्त घोषित सहकारीको दायित्व भुक्तानी गर्न सार्वजनिक सूचना

काठमाण्डु । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले समस्याग्रस्त घोषित सहकारी संस्थाका ऋणीलाई १५ दिनभित्र दायित्व भुक्तानी गर्न सार्वजनिक सूचनामार्फत आह्वान गरेको छ।

समितिले बिहीबार सार्वजनिक सूचना प्रकाशित गरी समस्याग्रस्त घोषित सहकारी संस्थाका सञ्चालक, व्यवस्थापक, ऋणी सदस्य र कर्मचारीलाई पटकपटक ३५ दिने सूचना, पत्राचार गर्दा पनि केही ऋणीबाहेक अधिकांश सम्पर्कमा नआएकाले सार्वजनिक सूचनामार्फत १५ दिनभित्र दायित्व भुक्तानी गर्न निर्देशन दिएको हो।

कात्तिक १ गतेदेखि १५ दिनभित्र पनि दायित्व भुक्तानी गर्न नआउने ऋणी तथा जमानीकर्ता र निजका एकाघरका परिवारका सदस्यको श्रीसम्पत्ति बैंक खाता रोक्का राख्ने, कालोसूचीमा राखेर रोक्का राखिएको श्रीसम्पत्ति र बैंक खाताबाट सहकारी ऐन, २०७४ को दफा ११५ को उपदफा (१) र सहकारी नियमावली, २०७५ बमोजिम असुलउपर गरिने पनि सूचनामा उल्लेख गरिएको कार्यालय प्रमुख केशवप्रसाद पौडेलले राससलाई जानकारी दिनुभयो।


भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सहकारी ऐन, २०७४ को उपदफा १०४ बमोजिम सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको उहाँले सुनाउनुभयो । समस्याग्रस्त घोषित भई सहकारी ऐन, २०७४ को उपदफा १०५ बमोजिम सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीका लागि मन्त्रालयले समितिसमक्ष लेखी पठाएअनुसारको प्रक्रियामा काम भइरहेको पनि समितिले जनाएको छ। सरकारले करिब दुई दर्जन सहकारीलाई समस्याग्रस्त घोषणा गरिसकेको छ। रासस

## तपाईको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**वीरगञ्ज क्रिकेट मैदानको पिच तयार पार्दै**: वीरगञ्जको नारायणी रङ्गशाला परिसरमा रहेको वीरगञ्ज क्रिकेट मैदानको 'पिच' तयार पार्नका लागि आवश्यक पर्ने माटो राख्दै मधेश प्रदेश क्रिकेट सङ्घका सचिव आयुष श्रेष्ठ,कोषाध्यक्ष सुवास जैसवाल,पर्सा जिल्ला क्रिकेट सङ्घका अध्यक्ष मनिष सिंह लगायतका पदाधिकारीहरु। आगामी डेढ महिनाभित्रै क्रिकेट मैदानको पिच तयार पार्ने लक्ष्यसहित अहिले धमाधम काम भइरहेको छ। *तस्बिर :रासस*

# हेटौँडा सिमेन्ट उद्योगबाट उत्पादन बन्द




मकवानपुर। हेटौँडा सिमेन्ट उद्योग व्यवस्थापनले उद्योगका विभिन्न उपकरण मर्मतसम्भार गर्नुपर्ने जनाउँदै तीन हप्ताका उत्पादन बन्द गरेको छ।

बडादसैँको बिदालगत्तै उद्योग सञ्चालन गरिए पनि क्लिनिकलर मेसिनलगायत विभिन्न उपकरणको तत्काल मर्मतसम्भार गर्नुपर्ने अवस्था आएकाले शुक्रबारदेखि उत्पादन बन्द गर्नुपरेको उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले जानकारी दिनुभयो। उपकरण मर्मत सकिएलगत्तै उत्पादन सुरु गरिने उहाँले बताउनुभयो। "उद्योगलाई आवश्यकपर्ने करिब चार सय मेट्रिक टन कच्चापदार्थ कोइला जगेडा राखिएको र बाँकी थप कोइला खरिद गर्न बोलपत्र आह्वान गरी सम्बन्धित पक्षलाई स्वीकृति प्रदान गरिसकेका छौँ, त्यसैले मर्मत सकिएलगत्तै काम सुरु गर्छौं", महाप्रबन्धक पाण्डेले बताउनुभयो।

उक्त उद्योग करिब साढे दुई महिनाअघि आर्थिक अभावले बन्द भएकामा भदौ तेस्रो सातादेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो। यस अवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेर भण्डार गरिएको, अहिले उत्पादित सिमेन्टको बोरामा प्याकिङ गरी काठमाडौँलगायत विभिन्न सहरमा पठाउने काम भइरहेको नायब महाप्रबन्धक नवीनकुमार कर्णले जानकारी दिनुभयो।

विसं २०३३ मा हेटौँडाको लामसुरेमा तत्कालीन श्री ५ सरकारले रु एक अर्ब ५० करोडको लगानीमा उद्योग स्थापना गरी विसं २०४३ मङ्सिर २६ गतेदेखि व्यावसायिक उत्पादन सुरु भएको थियो। हाल यस उद्योगमा प्रशासन, भण्डारण, बजार व्यवस्थापन, चुनढुङ्गा खानी र मजदुर कर्मचारीलगायत एक सय ८० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरिरहेका छन्।

उद्योगसँग दैनिक क्षमता १८ हजार बोरा उत्पादन गर्ने क्षमता भए पनि पछिल्लो समय १० हजार बोरामात्र उत्पादन हुने गरेको जनाइएको छ। रासस

## गजुर उल्टो पारिने :
# 'कहीँ नभएको हाँडीगाउँको जात्रा' हेर्न घुइँचो

काठमाण्डु। काठमाण्डु महानगरपालिका-५ स्थित हाँडीगाउँ क्षेत्रमा प्रदर्शन गरिने चोक्काथुनारायणको जात्राले त्यस क्षेत्रमा रौनकता छाएको छ। जात्रा हेर्न धेरै मानिस हाँडीगाउँ क्षेत्रमा जम्मा भएका छन्।



प्रत्येक वर्ष कोजाग्रत पूर्णिमा पछि गरिने यो जात्रा यस क्षेत्रको प्राचीन मौलिक संस्कृतिका रुपमा मानिँदै आएको छ। यो जात्रालाई तीननारायण एवं 'कहीँ नभएको जात्रा हाँडीगाउँमा' समेत भनिन्छ। देशका अन्य स्थानमा हुने जात्रा खटको गजुर उल्टो नपारी गरिने र यहाँको नारायण जात्रा भने उल्टो पारेर गरिने भएकाले कहीँ नभएको जात्रा भन्ने गरिएको हो।

चोकेटनारायणसमेत भनिने चोक्काथुनारायणको नाममा गुठी जग्गासमेत राखी जात्रा चलाउने व्यवस्था गरिएको थियो। गुठी संस्थानको लगतमा चोक्काथुनारायण एवं तीननारायणका नाममा गुठी जग्गा राखिएको उल्लेख छ।

मन्दिरका ढोकामा रहेको नेवारी भाषाको अभिलेखअनुसार राजा नरेन्द्र मल्लको पालादेखि यो जात्रा सुरु भएको हो। चोक्काथुनारायणको मन्दिर बूढानीलकण्ठबाट ल्याई यहाँ स्थापना गरिएको 'हाँडीगाउँ : एक परिक्रमा' पुस्तकका लेखक एवं यस क्षेत्रको सांस्कृतिक परम्पराका बारेमा अध्ययन गरिरहनुभएका यज्ञनाथ आचार्यले राससलाई जानकारी दिनुभयो।

जात्रा सुरु भएका सम्बन्धमा एउटा किम्बदन्दी प्रचलित छ। जनश्रुतिअनुसार मध्यकालमा हाँडीगाउँमा दुई दिदीबहिनी थिए। दिदी भगवान्प्रति पूर्णरुपमा आस्था राख्थिन्। बहिनी घमण्डी हुनुका साथ भगवान्प्रति पनि उनको आस्था थिएन। विवाहपछि दुवै दिदी बहिनी गर्भवती भए। दिदीले समयमै बच्चा जन्माइन्। बहिनीको गर्भ रहेको बाह्र वर्षसम्म पनि बच्चा जन्मिएन। बहिनीले श्रीमान्सहित नारायणको आराधना गरिन्।

सपनामा बूढानीलकण्ठ नजिकको पहाडमा रहेको नारायणको मूर्ति ल्याई उल्टो छाताकारका तीन खटको जात्रा चलाउनु तब तिमीहरुको उद्धार हुनेछ भन्ने आज्ञा प्राप्त भयो। गर्भ रहेको १२ वर्षसम्म बच्चा नजन्मिएको दम्पतीले त्यसबेलाका राजा नरेन्द्र मल्लसँग गुहार मागे। राजआज्ञाबमोजिम तान्त्रिकहरु धिमे बाजा बजाइ रङ्गीविरङ्गी लुगा लगाएर बूढानीलकण्ठ नजिकको पहाडमा गए।

मैनको फूल चढाई नारायणको आराधना गरे। चोक्काथुनारायण (तीननारायण) जात्राको परम्परा चलाउने वचन दिए। नारायणलाई हाँडीगाउँ ल्याई यहाँका जनतालाई पर्ने दुःख तथा पीडालाई अन्त गर्न भनी चोक्काथुनारायण (तीननारायण) मन्दिर स्थापना गरे। यसै बेलादेखि जात्राको पनि शुरुवात भयो।

मन्दिर स्थापना भएपछि प्रसव वेदनाको समयमा नारायणको मूर्तिमा तेल लगाउँदा वा जात्राको समयमा प्रयोग हुने मैनको फूल सिरानीमा राख्नाले वेदना कम हुने गरेको स्थानीयवासीको अनुभव छ। नारायणको शिरमा तेल खन्याउँदा दायाँतर्फबाट तेल खसे छोरा र बायाँतर्फबाट तेल खसे छोरीको जन्म हुन्छ भन्ने धारणा अहिले पनि रहेको सांस्कृतिक अन्वेषक आचार्यले सुनाउनुभयो।

नारायणको जात्रा कमलासनको तीन खट (बाबु, आमा, छोरा) बनाई खटको गजुरलाई उल्टो पारी घुसारेर तीन टोल घुमाई गजुर घुसारेको स्थानमा पूजा गरिन्छ। यो जात्रामा पाँच जनाले धिमेबाजा बजाउनुपर्ने र ३० जनाले खट बोक्नुपर्ने प्रचलन छ। जात्रा हेर्न हाँडीगाउँ क्षेत्रका सबै गुठियार जम्मा हुनुपर्ने नियम रहेको छ। रासस

# भक्तपुरमा ढकमक्क मखमली र सयपत्री

भक्तपुर। भक्तपुरका गाउँगाउँमा ढकमक्क फूल फुलेका छन्। व्यावसायिक रूपमा गरिएको सयपत्री र मखमली फूल फुलेर ढकमक्क हुँदा गाउँ यहाँका फाँटहरू राताम्मे देखिएका छन् भने यसले नजिकिँदो तिहारको झल्को दिइरहेको छ।



व्यावसायिक फूलखेती गरिएको भक्तपुरका बस्तीमात्रै हैन, अधिकांश गाउँघर एवं टोलटोलका आँगनमा समेत मखमली र सयपत्री फूल लहरै झुलेका छन्। तिहार नजिकिँदै गरेपछि व्यावसायिक फूलखेती गर्नेलाई भने यतिखेर फूल टिपेर माला उन्न र व्यवस्थापन गर्न भ्याइनभ्याइ छ।

काठमाडौँ उपत्यकामै सबैभन्दा बढी व्यावसायिक फूलखेती गर्ने सूर्यविनायक नगरपालिका-७ गुण्डुका घरघर, टोलटोल यतिखेर राताम्मे बनेका छन् भने फूल टिप्न र माला गाँसेर बजार पुऱ्याउनसमेत भ्याइनभ्याइ हुन थालेको छ।

मखमली र सयपत्री फूलखेतीबाट राम्रो आम्दानी हुने भएपछि अधिकांश किसानमात्रै होइन फूलखेती गर्नकै लागि जग्गा भाडामा लिएर यहाँ बस्ती सरेर आउनेहरू पनि उत्तिकै रहेका सूर्यविनायक नगरपालिका नगरपालिका-७ गुण्डुका वडाध्यक्ष रवीन्द्र सापकोटा बताउनुहुन्छ।

नगरपालिकाले केही वर्षयता स्थानीयलाई व्यावसायिक फूलखेती गर्न ७० प्रतिशत अनुदानमा बीउसमेत वितरण गर्दै आएको उहाँले जानकारी दिनुभयो। "यस वर्ष मात्रै सयपत्रीका ५५ हजार बिरुवा वितरण गरेका थियौँ। राम्रो आम्दानी हुने भएपछि धान खेतदेखि मकैबारी, भिरालो जमिन, खेतको आली तथा डिलमा फूल लगाउने प्रचलन बढ्दैछ। हाल जताततै फूलले ढकमक्क बनेको देखिन्छ। एकैपटक दोहोरो आम्दानी हुने भएकाले यसतर्फ किसानको आकर्षण बढेको हो", नगरपालिकाका प्रवक्ता सापकोटाले भन्नुभयो।

स्थानीय कृषक मीना नगरकोटी जेठमा रोपेको मखमली फूल भदौदेखि कात्तिकसम्म टिप्न सकिने र फूल सप्रेमा एक सिजनमा एक रोपनी जग्गाको उत्पादनबाट रु एक लाखसम्म आम्दानी गर्न सकिने बताउनुहुन्छ। स्थानीय फूल उत्पादक कृषक एवं पुष्प व्यवसायी अनिता बस्नेतले यतिखेर किसानलाई फूल टिप्न भ्याइनभ्याइ भएको बताउनुभयो। "एक रोपनी जग्गामा मखमलीका पाँच हजार माला उन्न सकिने र एउटा मालाको यसवर्ष रु २५ मा बिक्री हुँदा पनि एक लाखको कारोबार हुने छ", उहाँले भन्नुभयो,"मखमली फूल र माला लिन गाउँमै व्यापारी आउने गरेपछि किसानलाई सजिलो भएको छ।"

सयपत्री फूल एक मुठाको रु १० देखि १५ मा बिक्री हुने गरेको छ भने तिहारमा चारपाथी अट्ने ढ्वाङमा हालेर एक ढ्वाङको रु छ सयमा बिक्री हुँदै आएको व्यवसायीले बताएका छन्। भक्तपुरमा गुण्डु, सिपाडोल, चित्तपोल, ताँथली, सुँडाल, वागेश्वरीलगायत ठाउँमा अहिले व्यावसायिक फूलखेती भइरहेको छ। रासस

# विद्युतीय गाडी वृद्धिसँगै चार्जिङ स्टेसन कम, भाडादर महगो

ललितपुर। नेपालमा विद्युतीय सवारी साधनको प्रयोग वृद्धि भएसँगै 'चार्जिङ स्टेसन' कम हुँदा समस्या झेल्नुपरेको गुनासो सम्बद्ध सवारीसाधन धनी तथा चालकले गरेका छन्।सवारी साधनको चाप हुने प्रमुख सडकमार्ग आसपासमा प्रयाप्त 'चार्जिङ स्टेसन' नहुँदा अनेकौँ समस्या व्यहोर्नुपरेको धारणा सर्वसाधारण यात्रुसहित यायातात व्यवसायीले व्यक्त गर्नुभएको छ।

यसै सन्दर्भमा हेटौँडा उपमहानगरपालिका-१५ स्थित रातोमाटे सडक खण्डमा सवार ीसाधन चार्ज गर्न घण्टौँ लाइनमा बस्नुपरको, जङ्गल क्षेत्रमा रहेका चार्जिङ स्टेसनमा गुणस्तरीय होटल तथा शौचालयसहित आधारभूत आवश्यकता नभएको तथा सरकारीको तुलनामा निजी क्षेत्रबाट सञ्चालित चार्जिङ स्टेसन करिब दुई गुणासम्म महङ्गो भएको भनी उहाँहरूले सम्बद्ध पक्षको ध्यानाकर्षण गर्नुभएको छ।

यात्रु ममता राईले भन्नुभयो, "जङ्गल क्षेत्रमा गाडी चार्ज गर्नका लागि बिजुलीको व्यवस्था भए पनि आधुनिक शौचालय, गुणस्तरीय परिकारसहितको होटल र भरपर्दो सुरक्षा व्यवस्था नभएकोलाई त्यसतर्फ सम्बन्धित पक्षले तत्काल ध्यान दिन आवश्यक छ।"

विद्युतीय सवारी साधनमा सञ्चालन खर्च कम भए पनि डिजेलवाला सवारी साधनको जस्तै गरी महङ्गो भाडा तिर्नुपर्दा ठगिएको महसुस हुनेगरेको धारणा व्यक्त गर्दै हेटौँडा निवासी ललितबहादुर थिङले साविक उठाउँदै आएको भाडा दर घटाएर यात्रुलाई राहत दिन सरकार एवं सम्बद्ध व्यवसायीसँग अनुरोध गर्नुभयो।

वीरगञ्जका सवारी चालक रोहित साहले भन्नुभयो, "सरकारी चार्जिङ स्टेसनमा एक युनिट बिजुलीको मूल्य चार रुपैयाँ छ भने निजी क्षेत्रकोमा आठ रुपैयाँसम्म पर्दछ, यसले सरकारी स्टेसनहरुमा भीड बढाएको छ, लामा रुटमा चल्ने विद्युतीय सवारी साधनले बेग्लै खालको समस्या झेल्नुपरेको छ, त्यसतर्फ राज्यपक्षको ध्यान जान आवश्यक छ।"

यसैगरी विराटनगरका चालक प्रेम आलेले भने, "गत असोज ११ र १२ गते अविरल वर्षासँगै आएको बाढीपहिरो सडक बिगारिदिँदा यसअघि चल्तीको बिपीमार्गमा गाडी चलाउन गाह्रो छ, अहिले देशको पूर्वी क्षेत्रतर्फ जाने गाडीहरु चार्जिङ स्टेसनरहित कान्तिराजमार्ग हुँदै गुडिरहेका छन्, सो सडक खण्डमा पनि सरकारी चार्जिङ स्टेसनको व्यवस्था गर्न सम्बद्ध पक्षको ध्यान जान जरुरी छ।" रासस

# न्यायिक प्रक्रियालाई सघाउँछौँ : रास्वपा

काठमाण्डु। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टी सभापति रवि लामिछानेलाई पक्राउ गरेको घटनालाई 'नयाँ पुस्ताको राजनीतिक अभ्यास' लाई सिध्याउनका लागि चालिएको परिपञ्चका रुपमा लिएको प्रतिक्रिया दिएको छ।

पार्टी सभापति पक्राउ परेपछि राससलाई प्रतिक्रिया दिँदै पार्टीका कार्यवाहक प्रवक्ता मनिष झाले पार्टी सभापति पक्राउ परेको घटनालाई जोडेर जनतालाई अप्ठ्यारो पर्ने तथा अर्थतन्त्रलाई हानी नोक्सानी पुग्ने खालका कुनै गतिविधि नगर्ने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "प्रहरी, अदालत र कानुनप्रति हाम्रो कुनै द्वेष छैन, सहज रुपमा प्रक्रिया स्वीकार गरेका छौँ, न्यायिक प्रक्रियालाई सघाउँछौँ, यस घटनालाई भद्ररुपमा राजनीतिक परितर्वनको लडाइँ सुरुआतका रुपमा लिएका छौँ।"

सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न भएको आरोपमा उहाँविरुद्ध अनुसन्धानका लागि पक्राउ गर्न कास्की जिल्ला अदालतले नेपाल प्रहरीलाई अनुमति दिएको थियो।

सभापति लामिछानेलाई पक्राउ गर्न पुर्जी लिएर प्रहरी टोली पार्टी केन्द्रीय कार्यालय आएको थियो।

सूर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गीतेन्द्रबावु (जीबी) राईसँग मिलेर लामिछानेले गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर अपचलन गरेको मुद्दा जिल्ला प्रहरी कार्यालय कास्कीले अनुसन्धान गरिरहेको छ। रासस

# उपप्रधानमन्त्री सिंहद्वारा स्थानीय पूर्वाधार विकास आयोजनालाई प्रभावकारी बनाउन छलफल

काठमाण्डु। उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले स्थानीय पूर्वाधार विकास आयोजनालाई प्रभावकारी बनाउने गरी छलफल सुरु गर्नुभएको छ।



पुल्चोकस्थित स्थानीय पूर्वाधार विकास आयोजनाको सभाहलमा आज आयोजनाका महानिर्देशकसहित सातै प्रदेशका आयोजना प्रमुखसँगको समीक्षात्मक छलफलमा उहाँले कार्य प्रगतिबारे जानकारी लिनुभयो। उपप्रधामनमन्त्री सिंहले आयोजना कार्यान्वयनका समस्या पहिचान गरी कामलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो। "तपाईहरूसँगको छलफलपछि समस्या के छ ? भन्ने जानकारीमा आएको छ। यो छलफल परिणामका लागि हो। समस्या सुन्ने मात्र होइन समाधानका लागि पहल गर्छु", उहाँले भन्नुभयो।

छलफलमा आयोजनाअन्तर्गत सातै प्रदेशका आयोजना प्रमुखले चालु आर्थिक वर्षमा भएका उपलब्धि, भोग्नुपरेका समस्या र भइरहेका कामबारे प्रस्तुतीकरण राख्नुभएको थियो। यस्तै, असोजमा आएको बाढीका कारण भएको क्षति र बाढीपछि भएका कामबारे पनि जानकारी गराइएको थियो। आयोजना प्रमुखहरूले पूर्वतयारी भएका आयोजनामा बजेट नपर्ने तर नयाँ आयोजना थपिने क्रम जारी रहने, एउटै आयोजनामा पनि दोहोरोपनाको समस्या रहेकाले यस्तो काम रोक्नुपर्नेमा जोड दिएका थिए।

मन्त्रालयका सचिव मणिराम गेलालले छलफलले चालु आवको विनियोजित कार्यक्रमहरू सम्पन्न गर्न देखापरेका समस्या, समाधानका उपाय र आयोजनाका तर्फबाट विभाग र मन्त्रालयसँगको अपेक्षाबारे धेरै विषय प्रष्ट भएको बताउनुभयो। यसले आगामी दिनमा काम गर्न थप सहज हुने बताउनुभयो। रासस

जनकपुर टुडे
२०८१ साल कार्तिक ३ गते शनिबार (19 October, Saturday, 2024)

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। महिला हिंसा ।।

गर्वमा हुदानै नारीलाई हुदो रैछ हेला
किन शिर निहुरीयाउ छौ छोरी जन्मेको बेला
गर्वमा हुदानै नारीलाई हुदो रैछ हेला
किन शिर निहुरीयाउ छौ छोरी जन्मेको बेला
यै समाज हो छोरीलाई असुरक्षित पार्ने
आफ्नै छोरी चेलीलाई नै बलतकार गरी मार्ने
पढीलेखी केही बन्ने थिए सपना
घरकै काममा अल्झाई दिए भइन्न बिपना
बिहेपछि घरबाट थाल्छन दुःख दिन्न
हरेक गासमा एउटै प्रश्न दाइजो थोरै किन ?
बिहेपछि घरबाट थाल्छन दुःख दिन्न
हरेक गासमा एउटै प्रश्न दाइजो थोरै किन ?
छोरा नजन्माएको निहुमा भेलामा पार्ने
दाइजो नल्याएको भन्दै जलाई मार्ने,
धन चाहिएमा लक्ष्मी पुज्ने ; विद्यामा सरस्वती
दुर्गा समान नारीलाई दिन्छौ दुःख अति
छोरी नचाहिने मानिसलाई बुहारीको खाचो
हामी बस्ने समाजको यही हो तितो साचो
महिला हिंसा विरुद्ध अब हामी जागौं
हिंसा अन्त्य गर्न एक भई लागौं
महिला हिंसा विरुद्ध अब हामी जागौं
हिंसा अन्त्य गर्न एक भई लागौं
धन्यवाद !



**लेखकः- महिमा यादव**
**ठेगनाः- जनकपुर ८**

## ।। नारी दुर्गाक रूप छी ।।

नारी अहाँ दुर्गाक रूप छी, शक्ति केर अवतार छी।
माँ दुर्गा सन ओजसँ भरल, विजयक रथक सवार छी।
असुर संग युद्ध करै छी, अन्यायक विनाश करै छी।
सबल आ निर्भीक, अहाँ संसारक मार्ग सजाबै छी।
दुर्गा केर नौ रूप मे अहाँ, शक्ति केर हर रंग छी।
कखनो शांति, कखनो क्रोध, अहाँ विधाता केर संग छी।
अपन करुणा सँ जग संभारै छी, अपन शौर्य सँ जग परिहारै छी।
माँ केर ममता, बहन केर सहारा, अहाँ कखनो पथ प्रदर्शक छी।
लाल ओढ़नी धारण क' क', अहाँ रणभूमि मे ठाढ़ छी।
सबल सजीव, अहाँ अपन साहस सँ सगर संसार जोड़ छी।
नारी अहाँ दुर्गाक रूप छी, संसारक रक्षा करै छी।
माँ दुर्गा केर अहाँ शक्ति छी, जे हर संकट सँ उबारै छी।
इ पावन रूप सँ जग सजै, अहाँक महिमा सब गाबै।
दुर्गाक कृपा सँ सगर संसार, शांति आ विकास पाबै।



**लेखकः प्रिया जायसवाल**
**ठेगानाः जनकपुरधाम ०१**

## ।। सफलताको बाटो ।।

मायाबाट सुरु भयो ।
कहाँ हुन्छ अन्त ।।
मेरो जिवनका सङ्घर्षको ,
कथा छ अनन्त ।।
कहिले लडे, कहिले पदे ।
यति मात्र हुन्छ अभ्यास ।।
मेरो जिवनको एउतै लक्ष्य ।
सफलता पाउनु मेरो प्रयास ।।
दिन हैन रात हैन ।
अघि बढदै जानू छ ।।
मेहनत गर्ने हो यसरी ।
भग्यले अवश्य सफलताको शिखरमा पुयाउछ ।
कथा म एक दिन यसरी रचने छु ।
सङ्घर्षको कहानी सबै सामु व्यक्त गर्नेछु ।।
आज बिर्सियो , भोलि बिर्सियो ।
याद एक दिन आउला ।
तब आफनो कर्ममा माया तिमी पचताउला ।।
दुःख नगरी सुख कहाँ पाईन्छ ।
यस स्वार्थी संसारमा जिउदै जलाईन्छ ।
महोदय ।।
जति जति नजिक हुन खोज्छु ।
भग्छौ तिमी टाढा ।
के नै मेरो गल्ती थियो ।
कहाँबाट आयो नयाँ बाध्यता ।।



**लेखक :- राधा मण्डल**
**जनकपुर (भोईल-१८)**

## ।। जीवन ।।

जीवन भनेको नदी हो, बगिरहन्छ सधैं, कहिले सुस्त, कहिले तिव्र, बदलिन्छ यो बहँदै। सपना, संघर्ष, र सफलताको कथा, कहिलेकाहीं आँसु, कहिल्यै हाँसोको रथ।
कहिले अँध्यारो छ, कहिले उज्यालो, समयको साथमा परिवर्तन छ हालो। जीवन एक यात्रा हो, थाहा छैन गन्तव्य, हर्ष र पीडामा भरिएको यो अद्भुत अनुभव।
हर दिन नयाँ आशा, नयाँ सुरुवात हो, हार र जितले बनाउँछ जीवनको मात्तो। जिउँदै गरौं सपना, गरौं जीवनको सम्मान, जीवन हो उपहार, गरौं सबैको कल्याण।



**लेखक विवेक साह जनकपुरधाम ४**
**डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ ( ६ सेमेस्टर)**

## ।। अर्थहीन संसार ।।

खालि संसार के लेल हम शब्द खोज लेल निकल्ल छी ।
केऊ कहिया हमरा विद्धान त केऊ कहिया पागल ।।
बीच रस्तामे भेट्ल एकटा पुराण किताब छी हम ।
केऊ कहै छै ओहिके वेद त केऊ कहै छै ओहिके बिना अर्थके किताब ।।
चैत मासक गर्मी छी हम ,शरीर पक्बैत ताउ, आ साउन मासक नदीके नै कोनो बाध छी ।
आँखि खोलै छी त आन्हर आ बन्द करैछी त साधुसन्त ।।
हम छी ओ पोखैरके गन्दा पानि छी , नै पिब सकि नै नहासकि ।
हम अन्हारिया राति छी, पूर्णिमा के चाँदनी छी ।।
हम त यही संसार के हरेक कोनामे बैसल छी ।
तहिस केऊ हमरा भगवान् कहैया त केऊ कहैया राक्षस ।।
बुझि बलाके लेल हम पाकल फल छी ।
नै बझाबाक लेल नेबोके गाछ ।।
ओहि लेल त हम केकरो मनमे छी ।
आ नै समझ बलाके दिमागमे छी ।



**नामः प्रियंका झा**
**स्थानः जनकपुर १२, कुवा**
**रा. रा.ब. campus**

## ।। जुनकिरी ।।

जुनकिरी, तिमी सानो ज्योति,
अन्धकारमा चम्किन्छौ लय मिलाएर।
रातको काखमा तिम्रो उज्यालो,
जस्तै साना, तर आशाको चिनो।
तिमी नाच्छौ सिताराको संगतमा,
शून्यताको बीचमा सन्देश लुकाएर।
तिम्रो चमकले भरिदिन्छ हर्ष,
सुरम्य रातलाई बनाउँछ सुनौलो।
तिमी सानो, तर साहसी ज्योति,
अन्धकारमा बल्छौ, कहिल्यै नडराई।
जुनकिरी, तिमी प्रेरणा हौ हाम्रो लागि,
सपना बुन्दै, उज्यालो खोज्दै जाने बाटो।



**लेखक :- सुजिता मंडल कक्षा :-१०**
**जनकपुरधाम :-४**

## ।। हामी नभेटेको भए ।।

तिमी र म नभेटेको भए कति सजिलो हुन्थ्यो जिन्दगी,
कति शान्त रहन्थ्यो मन कुनै अधुरो कथा लेखिँदैन थियो ।
न त कोहि सम्झना बोक्नु पर्थ्यो न त कसैलाई सम्झेर आँसु झार्नु पर्थ्यो, न त निद हराउँथ्यो रातभरि न त दिनभरि मन डुबेर बस्थ्यो ।
तिमी नभएर पनि कुनै कमी जस्तो लाग्दैन थियो,
म म आफैमा पूर्ण हुन्थें आफ्नै खुशीको संसारमा बाँच्थें ।
काश, तिमी र म कहिल्यै भेटेनौं भने शायद सबै ठिक हुन्थ्यो, तिम्रो यादमा जलेको यो मन कहिल्यै यसरी टुक्रिन्थेन ।



**(नाम : रमेश साह )**
**हाल औरही न.पा-२ महोत्तरी )**

## ।। ईश्वरको गणितीय गुञ्जन ।।

ईश्वरले अंकको अंकुशले आकाश अकासे,
तीन त्रिकोणले ताराहरू ताके,
गोलगोल ग्रहहरूको गति गजब गहिरो,
सात समीकरणले सृष्टिलाई समाते।
घुम्रेको घनचक्करले घामलाई घुमाए,
ब्रह्माण्डभरि बिन्दुहरू बिस्तार बिचार,
समिकरणको संजालमा सृजना सुत्र सजाए,
गणितीय गाथामा संसारलाई सुम्पिए आकार।
नक्षत्रको नक्शाले नाप्यो निशान,
त्रिकोणको तालले तय गर्यो तारा र स्थान,
गोलगोल घेराले गहिराइलाई गुन्थ्यो,
ईश्वरको गणितले सृष्टिलाई सुव्यवस्थित बनायो।



**लेखकः- आदित्य झा**
**कक्षा :-१०**
**श्री राष्ट्रिय माध्यमिक बिधालय,**
**जनकपुरधाम-२० रूपैठ , बेलहि**

## ।। गजल ।।

गाम पुकारैत हेंतै मां पुकारैत हेंतै
नितदिन कनिया बाट निहारैत हेंतै
बौंआ,बुच्ची आ हमर बुढ बाबुजी'के
सायद केहुँ नही आब सम्हारैत हेंतै
सिनेहक आस में प्रियासी नितदिन
अचरा कें कोर'स अंगन बहारैत हेंतै
नोरक नीर'स पोछैत आँखी'कें काजर
लालि,ओठलाली सिसामें बिचारैत हेंतै
मोनक पीडा मारैत उदगार खाडी में
कहुना-कहुना आब दिवस गुजारैत हेंतै



**उदगार यादब**
**मिथिला विहारी नगरपालिका, सिरसिया**

## ।। दशै आयो दशा लगायो ।।

दशै आयो दशा लगायो
बेरोजगारी छोरो लाई
पखा लगायो
हुने खानेको दशै आयो
नहुनेको दशा आयो
दैव को नी कस्तो लिला
गरीबको दुई छाक मिल्ला कि
न मिल्ला
धनीको त दशै दिवाली
गरीब को घर खाली खाली
युवा युवती भयो बेरोजगारी
घर परिवार छोड़ी हिनियो खाड़ी
धनीहरुको बंगला गाड़ी
गरीबहरुको रहेछ टेन्सनको भारी
फटहा चोर रहेछ देशमा खाली
देश रिताएर बनायो भिखारी
सत्ता र पावरले न्याय मिल्छ
न्यायाधीश पनि रहेछ जाली
के दशै के दिवाली यसपालिनी
निधार भयो खाली खाली



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। परदेशीको मन ।।

सपना बाटोको धूलो जस्तै उड्यो
जब टनटलापुर घाममा शरीर पसिनाले भिज्यो
मातृभाषा हराए सँगै मेरो वाणी पनि हरायो
अन्जान मानिस अन्जान सहर थियो,
उकालो ओरालो गर्दा खुट्टा समेत कपकपायो
राति आकाशमा हेर्दा असमान उही छ, चाँद पनि उँहि छ
बद्लेको छ त केवल आमाको हाथको खाना यँहा
नत्र तरकारी पनि उही छ भात पनि उही छ
स्मृतिको आश्रयमा जब पनि मन डुब्छ
आमाबुबा को निस्वार्थ प्रेम नपाउँदा
मनमा एउटा दुःखको मुहान फुट्छ
सबैले फोन गर्छ सबैले हालखबर सोध्छ
परदेशीले आफ्नो पिडा लुकाउँदै 'म ठीक छु ' भन्छ
कहिले काँही लाग्छ, गर्मीको सम्झना अब त मेटिन्छ
नयाँ माटोको सुगन्ध दिल लाई हेटिन्छ
भोलिको दिनहरूमा घर फर्कनका लागि आँशु बगाउँछ
परदेशीको आत्मा आफ्नो मातृभूमि खोजि गर्दै बौलाउँछ



**नामः- रामनारायण साह सोनार**
**पेशा :- शिक्षक (नेपाल सरकार)**
**ठेगाना :-- छिपहरमाई गा.पा. -०४, पर्सा**

## ।। तिम्रो याद सताउने गर्छ ।।

तिम्रो सम्झनामा हराएको यो मन, हर पल तिमीलाई खोज्छ, गर्छ तमन ।
चाँदनी रातमा तिम्रो मुस्कान झल्किन्छ, मोहक तिम्रो स्वरले चित्त बुझाउँछ ।
बिसाउन खोज्दा पनि बिसर्छु म, तिम्रा हाँसोका झोंका सधैं आर्छु म।
पलपल तिम्रो याद सताउने गर्छ, खुसी र दुःखले एकैसाथ नचाउने गर्छ।
कहाँ छौ तिमी? यो मनले सोध्छ, तिम्रो बिना यो जीवन अधुरो लाग्छ।
सपना जस्तो तिम्रा आँखाहरूका तारा, यादमा तिम्रो, हर दिन बित्छ घरा ।



**नामः- त्रिजेप कुमार झा**
**लोहारपट्टी -०५(महोत्तरी)**
**सिभिल इन्जिनियरिङ छात्र**

## ।। आउने छु फर्की ।।

मलाई नी आफ्नो घर छोडि बाहिर
बस्ने रहर हैननी महोदय ,बाध्यता हो ।
कसलाई रहर हुन्छ आफ्नो देश छाडी
बस्नलाई लाई खाडी, मोलाई सहरमा
बस्ने रहर नी होइन किनकि मेरो गाउँ
ठाउँ मेरो लागि स्वर्ग झै छ। झनझन
यो चाडपर्वले घाउमा नुन छरे झै लाग्छ।
जति जति यो चाडपर्व नजिक आउछ त्यति
हाम्रो खुसी टाढा भाग्छ। राम्रो लाग्दैन
नयसरो लाग्छ ।एकदिन मेरो नी गाउँ जाने
समय आउने छ । त्यसदिनको छुटी मेरो
लागि डि. भी लोटरी झै हुने छ।



**लेखक रोहन भुजेल**
**जनकपुरधाम -७**
**(रा. रा. ब. )(बि एड फर्स्ट येर २०८०)**

## ।। सनातन सोंच ।।

मर्ने छु म त्यो दिन
जुनदिन आमाबुवा को सेवा बाट बन्चित हुनेछु
जाग्ने छु म त्यो दिन
जुन दिन मेरा सन्तान शिक्षित बन्नेछ
वाँच्ने छु म त्यो दिन
जुन दिन म असल कर्म गर्ने छु
जल जोरु जमिन को मालिक भनिने छु
अन्न को भण्डार गरि सबैलाइ तृप्त गर्ने छु
जुनेली रातको यो संसार
मित्र बन्धु धेरै भेटिन्छन्
तर कर्म को विभाजनले मित्रता कायम रहनेछ
यो धरतीमा सबैको नजर पैसा माथि
सिमित पैसा कमाउँदै परिवार तथा समाजसेवा गर्दै जौ
तर बिर्सनुहुँदैन हामि मायाजालको संसारमा छौ
सनातन सोंच बुद्धिजीवी को विचार लिइ समाजलाइ सकारात्मक पथ मा ल्याउनेछु
हामी पंछि तुल्य आज यो डालमा भोलि अर्के डालिमा
मरेपछि केहि सँगै लान पाँउदैनौ
गरेको कर्म र वचन सैसमाजले चर्चा गर्नेछन्
नांगै आयौ नांगै जाने छौ
शोकमा आउछन् घरपरिवार तर
कृयाकर्म गर्दै विर्सिदै जानेछन् हामिलाइ एकदिन
दुख्ख सुख्ख एकआपसमा वाँड्दै जाउ
जिन्दगि काट्दै जाउ
कोहि धनि कोहि गरिब त्यसैले
एकअर्काको सहयोग को आशमा सबै छ
यो धरती पृथ्वी मा अडेको छ
सात्विक विचारधारा र महिनेति गरि शिक्षा लिरहु
एकअर्को को परिपुरक बनि बाँचि रहु



**प्रमोद राम**
**जनकपुर धाम ९**

## ।। गाउालेको सपना ।।

मिलयनौको माझमा पुगने,
छ उदेश्य ।
सपनाको दुनियाको कस्तो,
कस्तो हुनेछ दृश्य ।।
लाखौं करोडौंको माझमा सपनाको ,
ठुलो छ रहर ।
छितो पूरा गरिदेउ हे!
भगवान ।
मेरो आमा पर्खी रहेछ ।
कहिले पुगछु म त्यो नगर ।।
स्वर्ग भन्दा प्यारो छ ।
मेरो गाउँ देहातको नजर ।।
सफा स्वच्छ मनमोहक छ ।
खेत खलयानको सजर ।।
जहाँ बिहान सुर्य सङ्ग कुखुरा ,
लगाउछन पहर ।
बुवा मेरो भन्नू हुन्छ पुगनु छैन सपनाको सहर।।
मनमा आश छ , आउने छ त्यो पहर ।
आमाको कखमा , पूरा हुनेछ मनका सबै लहर ।।
साना झुपडी पनि ।
एहसाश गाराउछ ठुला ठुला महल ।।
अन्तिम इच्छा यति मात्र छ ।
जीवन पाउ चाहना जति ।।
मलाई यो जिवनको लोभ छैन ।
बाकी सब आफनै कर्म गति ।।



**लेखकः- अनित कुमार मण्डल**
**जनकपुर ( लोहना-२५)**

## ।। नयाँ बिहान ।।

यो रातको अँध्यारोमा , लाखौं ताराहरुका माझमा तिमी विरजित भई
हाम्रा फिक्का अनुहारहरुमा उज्यालो ल्याई , मुस्कान भर्दैछौं
त्यो आकाशको गहिराइमा पुगेर , हाम्रा निम्ति भोलिका लागि सपनाहरु बुन्दैछौं
आजको यो सौवर्ण रात पनि हामी संग संगै बिस्तारै बिस्तारै बितिनेछ
भोलि फेरि उज्यालो छर्दै ,त्यो सुरजले नयाँ बिहान ल्याउनेछ ।
जब नयाँ बिहान आउँदा ,
त्यति बेला नयाँ जीवन पाएर एउटा खुसीको संसारमा रमाउँदै सबले
एकले अर्कोलाई नयाँ यात्राको शुभकामना पुगाउनेछ
हिजो सम्म भित्र सेलाएर बसेको जाँगर फेरि ताजा बन्नेछ ।
सिंगारेर राखेका सपनाहरु भित्रै भित्रै छट्पटाउन लाग्दा ,
विपनामा पाउन गन्तव्य सम्म पुग्न संकल्प लिनेछ
त्यो बिहान हामीले बोकेका सपनाहरु पनि अझै जीवित रहनेछ
जहाँ ति जीवित सपनाहरु खातिर ,
सारा प्राणीहरू तम्तयार भई , यो जीवन यात्रालाई तय गर्न लाग्नेछ ।



**नरेन्द्र नाथ साह**
**औरही गा. पा. -०३ , कपटौल**
**मोडेल मल्टिपल कलेज जनकपुर**
**( वाणिज्य संकाय बिद्यार्थी )**

# सङ्क्रमणकालीन न्याय आयोगमा पदाधिकारी छनोट प्रक्रिया विश्वसनीय बनाउन माग



काठमाण्डु । जवाफदेहिता निरगानी समितिले सङ्क्रमणकालीन न्याय आयोगमा पदाधिकारी छनोटलाई विश्वसनीय बनाउन नयाँ छनोट समिति गठन गर्न माग गरेको छ ।

समितिका संयोजक राजुप्रसाद चापागाईले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा पदाधिकारी छनोट प्रक्रिया विश्वसनीय बनाउनुपर्ने र छनोट प्रक्रियामा विगतमा गरिएको गम्भीर गल्ती नदोहोऱ्याउन माग गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, "सङ्क्रमणकालीन न्याय प्रक्रियाको गाम्भीर्य अनुरूप स्वतन्त्र व्यक्ति सम्मिलित नयाँ छनोट समिति गठन गरेर पदाधिकारी छनोट प्रक्रियालाई सबै पीडितलगायतका सबै सरोकारवालाले स्वामित्व लिने गरी अगाडि बढाउन नेपाल सरकारसमक्ष समिति जोडदार माग गर्दछ ।"

अब गठन हुने छनोट समितिले खुला, पारदर्शी, परामर्शयुक्त, र सहभागितामूलक (सार्वजनिक सुनुवाइसहित) छनोट विधि तथा प्रक्रिया अपनाएर पदाधिकारी छनोट गरी सङ्क्रमणकालीन न्याय प्रक्रियाको बाँकी अभिभारा वैधरूपमा सम्पन्न गर्ने मार्ग प्रशस्त गर्नुपर्नेमा निगरानी समितिको जोड छ ।

"बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक २०८१ पारित हुनु पूर्वगठित पदाधिकारी छनोट समितिको वैधता र विश्वसनीयतामा प्रश्न उठेको छ", विज्ञप्तिमा भनिएको छ, "समितिको नेतृत्व विगतमा पनि परीक्षण भइसकेको यथार्थताका आधारमा छनोट प्रक्रियालाई वैध र विश्वसनीय बनाउन नयाँ छनोट समिति गठन गर्नु उपयुक्त भन्ने धारणामा जवाफदेहिता निगरानी समिति अडिग छ ।"

समितिले सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोग यथाशक्य चाँडो गठन गर्नतर्फ तीनदलले देखाएको अग्रसरता सकारात्मक भएको समेत उल्लेख गरेको छ । पदाधिकारी छनोटप्रक्रियामा विगतका गम्भीर गल्ती दोहोरिन नदिई यसको विश्वसनीयता र वैधता सुनिश्चित गर्नुपर्ने आवश्यकता टड्कारो देखिएको जनाएको छ ।

"विगतमा आयोग वैधताको सङ्कटतर्फ धकेलिएका र निष्प्रभावी बनेको यथार्थबाट पाठ सिक्न सरकार, दल तथा जिम्मेवार नेतालाई निगरानी समिति आग्रह गर्दछ", प्रेस विज्ञप्तिमा भनिएको छ, "सङ्क्रमणकालीन न्याय प्रक्रियालाई दिगो र परिणाममुखी बनाउन तेस्रो संशोधनले निम्त्याएका वा सम्बोधन हुन नसकेका ऐनका गम्भीर त्रुटि (परिभाषा, सजाय कटौती, हदम्यादलगायत) न्यायिक पुनरावलोकन वा विधायिकी संशोधनको माध्यमबाट सच्याइनुपर्ने आवश्यकतामा पनि निगरानी समितिले पुनःजोड दिन्छ ।"रासस

# बाढी, पहिरो तथा डुबानबाट प्रभावितलाई तत्काल राहत उपलब्ध गराउन प्रधानमन्त्रीको निर्देशन

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले भारी वर्षाका कारण यो वर्ष गएको बाढी, पहिरो तथा डुबानबाट प्रभावितलाई तत्काल राहत उपलब्ध गराउन निर्देशन दिनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा शुक्रबार भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १४औँ बैठकको समापन गर्दै प्रधानमन्त्री ओलीले कात्तिक मसान्तभित्र अस्थायी आवास निर्माणको रकम निकासा गरिसक्न तथा बिजुली, स्वास्थ्य, खानेपानीलगायत अवरुद्ध सेवा १५ दिनभित्र खुलाउन भन्नुभयो । उहाँले विपद्पछिको क्षतिको विस्तृत मूल्याङ्कन छिट्टैगरी पुनःनिर्माणमा अपुग हुने रकम जुटाउन दातृनिकाय वा विदेशी सरकारको सहभागितामा सम्मेलन गर्न पनि निर्देशन गर्नुभयो ।



उहाँले किसानको बालीनालीको नोक्सानी भएको स्थितिमा उनीहरुलाई क्षतिपूर्ति दिनुपर्नेमा जोड दिँदै भत्किएका कुलोहरुको मर्मत आगामी जेठ १५ भित्र गरिसक्न आग्रह गर्नुभयो । राष्ट्रिय परिषद्का अध्यक्ष समेत रहनुभएका प्रधानमन्त्री ओलीले नेपाल भूकम्पीय, पहिरो र जलवायु परिवर्तनजन्य विपद्को जोखिममा रहेकाले त्यसको पूर्वतयारी तथा सुरक्षित एकीकृत बस्ती विकासको नीतिगत तर्जुमा गर्न आग्रह गर्दै अन्यत्र आवास नभई जोखिमयुक्त स्थानमा बसेकाहरुलाई बस्ती स्थानान्तरण गर्न र अन्यत्र घर भई जोखिमयुक्त स्थानमा रहेकाहरुलाई त्यहाँबाट हटाउनुपर्ने स्पष्ट गर्नुभयो । देश र जनताको सुरक्षाका लागि पारदर्शी रुपमा पहिराको जोखिम भएका स्थानमा वनक्षेत्र विस्तार गर्न र कतिपय वनक्षेत्रमा सुरक्षित बस्ती विकासको योजना पनि अघि बढाउन सकिने उहाँको भनाइ राख्नुभयो । रासस

## विपत्तिलाई मिलेर सामना गरौँ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले हालैको बाढीपहिरो तथा डुबानबाट प्रभावितलाई राहत वितरण र पुनःनिर्माणमा जुट्न आह्वान गर्नुभएको छ । गत असोज १० गतेदेखि १३ गतेसम्मको भारी वर्षापछिको बाढीपहिरो तथा डुबानबाट उत्पन्न परिस्थितिलाई २०७२ सालको विनासकारी भूकम्पपछिको विपद्को घटनाका रुपमा लिँदै उहाँले राहत वितरण र पुनःनिर्माणका काममा गम्भीरताका साथ लाग्न तीनै तहका सरकारलाई आग्रह गर्नुभएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा शुक्रबार भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १४औँ बैठकमा परिषद्का अध्यक्ष ओलीले विपद् प्रभावितलाई उद्धार, राहत र पुनःनिर्माणका लागि गम्भीरताका साथ काम भइरहेको जानकारी दिनुभयो । "अहिलेको परिस्थितिमा के गर्नु पर्छ र के गर्न सकिन्छ ? तीनै तहका सरकारबाट समन्वयतात्मकरुपमा काम गर्नुपर्नेछ ", उहाँले भन्नुभयो, "कसरी जनतालाई छिटोभन्दा छिटो राहत र आवास उपलब्ध गराउन सकिन्छ भन्नेमा हाम्रो ध्यान जानुपर्छ ।

सहयोगको प्रवृत्ति बढाएर विपत्तिको मिलेर सामना गर्नुपर्छ ।" प्रधानमन्त्री ओलीले दसैँ अगावै सम्पूर्ण प्रयास गरेर अवरुद्ध सडक खुलाइएकामा भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, सुरक्षा निकाय र सम्बन्धित सबै पक्षलाई धन्यवाद दिनुभयो ।रासस

## 'समृद्धिका लागि शिक्षामा सुधार ल्याउनुपर्छ'

राजविराज । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले देश समृद्धि र विकासका लागि शिक्षामा सुधार ल्याउनुपर्ने बताउनुभएको छ ।

जनतासँग जसपा, नेपाल आधारभूत सङ्गठन निर्माण अभियानअन्तर्गत सप्तरीको राजविराजमा शुक्रबार आयोजित कार्यक्रममा उहाँले देशलाई अगाडि बढाउन त्यसका लागि शिक्षाको विकास हुनु आवश्यक रहेको बताउनुभयो ।

"सबैभन्दा बढी शिक्षा क्षेत्रको अवस्था लथालिङ्ग भएको छ", अध्यक्ष यादवले भन्नुभयो, "कुनै पनि मुलुकको विकास र समृद्धिका लागि त्यो देशको जनता शिक्षित हुनुपर्छ ।" उहाँले देशको विकास र समृद्धिका लागि गरिबी, बेरोजगारी र भ्रष्टाचार अन्त्यगरी समाजवादी व्यवस्था स्थापना गर्नुको विकल्प नरहेको जिकिर गर्नुभयो ।

मधेस आन्दोलनपछि आएको सङ्घीयता अहिलेसम्म कार्यान्वयन नभएकाले दलित उपेक्षित, महिला मधेसी जनताको अधिकार सुनिश्चित हुन नसकेको उल्लेख गर्दै अध्यक्ष यादवले ठूला पार्टी राष्ट्रिय निर्माणमा असफल भएको आरोप लगाउनुभयो । शासक वर्गका कारण मधेसमा विकास नभएको भन्दै उहाँले गरिबी, बेरोजगारी, कमजोर शिक्षा र न्यून जनप्रतिनिधित्व देखिएको उल्लेख गर्नुभयो ।

अध्यक्ष यादवले विभिन्न सङ्घर्षबाट मधेसी, आदिवासी, जनजाति, थारु, मुश्लिम, दलित, महिलाले पाएको अधिकार खोसिन सक्नेतर्फ सचेत रहन आग्रह गर्दै प्राप्त उपलब्धिको रक्षा र थप अधिकार सुनिश्चितताका लागि एकताबद्ध भएर सङ्घर्ष गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । रासस

# आत्मसमीक्षासहित समृद्ध नेपाल निर्माणमा जुटौँ : अध्यक्ष दाहाल

काठमाण्डु । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गम्भीर आत्मसमीक्षासहित सम्पूर्ण राजनीतिक दल समृद्ध नेपाल निर्माणमा जुट्नुपर्ने बेला आएको बताउनुभएको छ ।

'वर्ल्ड हिन्दू इकोनोमिक फोरम नेपाल च्याप्टर'ले शुक्रबार यहाँ आयोजना गरेको 'विजिनेस मिट २०२४' लाई सम्बोधन गर्दै अध्यक्ष दाहालले सामान्य व्यापारिक गतिविधि वा सानो आर्थिक वृद्धिले जनताको आवश्यकता पूरा गर्न नसकिने भएकाले अब गम्भीर आत्मसमीक्षासहित रुपान्तरणकारी परिवर्तनमा जोड दिनुपर्ने बेला आएको बताउनुभयो ।




नेपाल लामो समयसम्म राजनीतिक परिवर्तनको आन्दोलनमा केन्द्रित भएकाले आर्थिक समृद्धितर्फ ध्यान जान नसक्नु अस्वाभाविक नभए पनि राजनीतिक परिवर्तन भएको धेरै वर्षसम्म पनि जनअपेक्षित प्रगति नहुनु चिन्ताको विषय भएको अध्यक्ष दाहालले उल्लेख गर्नुभयो । उहाँले अब कुनै पनि बहानामा आर्थिक समृद्धि र विकासलाई पछाडि पार्न नहुने बताउनुभयो ।

"अहिलेसम्मका कमजोरीको गम्भीर आत्मसमीक्षा गर्दै नयाँ सङ्कल्पका साथ देश निर्माणमा होमिनै पर्छ", उहाँले भन्नुभयो । मुलुक परिवर्तनका लागि राजनीति र विचारधारा आवश्यक भए पनि हरेक क्षेत्रमा हुने अति राजनीतिकरण नेपालको आर्थिक विकासका लागि बाधक रहेको औँल्याउँदै उहाँले राजनीतिक अस्थिरताबाट देशलाई मुक्ति दिएर आर्थिक समृद्धि तथा जनताको जीवनस्तर रुपान्तरणमा ध्यान दिनुपर्ने बेला आएको बताउनुभयो ।

अतिराजनीतिकरणबाट सीमित नेता कार्यकर्ता वा उनीहरुका नजिक रहेकाहरुले फाइदा लिए पनि जनता पछि पर्दारहेछन् भन्ने तथ्य भोगाइबाटै पुष्टि भएको उल्लेख गर्दै अध्यक्ष दाहालले भन्नुभयो, "हामीसँग साधन स्रोत, जनशक्ति, उद्योग व्यापारको अनुभवको कमी भएर होइन, अतिराजनीतिकरण र त्यसले सिर्जना गरेको अस्थिरताका कारण समृद्धि हासिल हुनु नसकेको हो भन्ने तथ्य स्वीकार गर्न अब हिच्किचाउनुपर्देन । जबसम्म यो स्थितिको अन्त्य गर्न सकिँदैन, तबसम्म राम्रो साधन स्रोतको सही सदुपयोग गर्ने वातावरण बनाउन सकिँदैन ।"

निजी क्षेत्रलाई हेर्ने राजनीतिक र प्रशासनिक क्षेत्रको धारणा सही नभएको उल्लेख गर्दै अध्यक्ष दाहालले निजी क्षेत्रको पनि एउटा पक्षले राज्यका नियम कानुन पालनाभन्दा उल्लङ्घनतिर नै जोड गर्ने गरेको औँल्याउनुभयो । जनयुद्ध र विभिन्न लोकतान्त्रिक आन्दोलनमा हजारौँ सहिदहरूको बलिदानले देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गरेको उल्लेख गर्दै उहाँले अब आफूहरुको ध्यान प्राप्त राजनीतिक उपलब्धिलाई संस्थागत गर्दै सामाजिक-आर्थिक रूपान्तरणमा केन्द्रित रहेको बताउनुभयो ।

पहिलोपटक प्रधानमन्त्री हुँदा आफूले पूर्वाधार विकासलाई प्राथमिकता दिएर मध्यपहाडी लोकमार्ग, मदन भण्डारी लोकमार्ग, उत्तरदक्षिण करिडोरलयायत सडक, सिँचाइ र जलविद्युत् विकासमा राष्ट्रिय गौरवका परियोजनाको कार्यान्वयन सुरु गरेको र अहिले कतिपय आयोजना पूरा हुने क्रममा रहेको उहाँले बताउनुभयो । जलस्रोत क्षेत्रमा आशालाग्दो उपलब्धि हासिल हुनु समृद्ध नेपाल निर्माणको महत्वपूर्ण आधार भएको अध्यक्ष दाहालले स्पष्ट पार्नुभयो ।

चीन र भारतसँग साझेदारी गरेर नै अघि बढ्न सकिने उल्लेख गर्दै उहाँले जनताको मौलिक अधिकारका रुपमा स्थापित शिक्षा, स्वास्थ्य, रोजगारीको सुनिश्चितता र हरेक क्षेत्रमा समावेशीकरण तथा समन्यायिक वितरणका माध्यमबाट समृद्ध नेपाल निर्माण गर्न सकिने आधार पैदा भएको बताउनुभयो ।

वर्ल्ड हिन्दू इकोनोमी फोरमका संस्थापक स्वामी विज्ञानन्दले मुलुकको अर्थव्यवस्था सुदृढ गर्न राजनीतिक स्थिरता, नीतिगत स्पष्टता र शासक वर्गको दृढ इच्छाशक्ति आवश्यक रहेको बताउनुभयो ।

फोरम नेपाल च्याप्टरका अध्यक्ष प्रदीपमान वैद्यले नेपालको अर्थव्यवस्थालाई समृद्ध बनाउन फोरमले राजनीतिज्ञ तथा व्यावसायिक समुदायसँग नीतिगत बहस गर्दै आइरहेको बताउनुभयो । रासस

# सरकारलाई ज्ञापनपत्र बुझाउने प्रतिपक्षी दलको निर्णय



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)लगायत प्रतिपक्ष दलले संयुक्त रुपमा सरकारलाई ज्ञापनपत्र बझाउने भएको छ ।

नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवनको ल्होत्से हलमा शुक्रबारको बैठकले समसामयिक जनसरोकारका विभिन्न विषय समावेश गरी सरकारलाई ज्ञापनपत्र बुझाउने सहमति गरेको एकीकृत समावादीका नेता राजेन्द्र पाण्डेले जानकारी दिनुभयो ।

माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आह्वान गर्नुभएको बैठकले बाढीपहिरोको पूर्वतयारी, खोज, उद्धार, उपचार र पुनःस्थापनाबारे सरकारको ध्यानाकर्षण गराउने निर्णय समेत गरेको छ ।

माओवादी केन्द्रका नेता शक्तिबहादुर बस्नेतले बैठकमा समसामयिक विषयमा छलफल भएको जानकारी दिनुभयो । "खासगरी प्रतिपक्षी पार्टीको तर्फबाट जनसरोकारका मुद्दामा सरकारको ध्यानाकर्षण गराउने र ज्ञापनपत्र पेस गर्ने भन्ने समझदारी भएको छ", नेता बस्नेतले भन्नुभयो ।

बैठकमा एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, नेताहरु महन्त ठाकुर, प्रभु साह, रास्वपा सभापति रवि लामिछाने तथा उपसभापतिहरु डिपी अर्याल र डा स्वर्णिम वाग्ले नेताहरु शिशिर खनाल, सुमना श्रेष्ठ र विराजभक्त श्रेष्ठको सहभागिता रहेको थियो । रासस

# १५ औँ महाधिवेशनमा सभापतिमा उठ्छु, 'कन्फ्युजन' मा नपर्नु होला : नेता कोइराला

काठमाण्डु । नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले १५ औँ महाधिवेशनमा आफू सभापति पदमा उठ्ने कुरामा कुनै 'कन्फ्युजन' मा नपर्न नेता एवं कार्यकर्तालाई आग्रह गर्नुभएको छ ।

विराटनगरस्थित कोइराला निवासमा आज मधेस प्रदेशका नेताहरूसँग भएको भेटघाटमा नेता कोइरालाले भन्नुभयो, "अब जित्नकै लागि सभापतिमा उठ्ने हो र पार्टीमा गुमेको साख फर्काउने हो । त्यसको लागि तपाईंहरू आ-आफ्नो कार्यक्षेत्रमा खटिनुहोस् ।"



नेता कोइरालाले जतिसुकै कोशिस गरेपनि पार्टी सङ्गठन सुदृढीकरण र कार्यकर्ताहरूलाई न्याय गर्ने कुरामा आफूले भनेजति काम गर्न नसकेको स्वीकार गर्नुभयो । उहँले नेतृत्वमा नपुगी केही गर्न नसकिने रहेछ भन्ने निष्कर्षमा आफू पुगेको स्पष्ट पार्नुभयो ।

विसं २०८२ मङ्सिर भित्रै पार्टीको महाअधिवेशन हुनुपर्नेमा जोड दिँदै नेता कोइरालाले समयमै महाधिवेशन हुन नसके सिङ्गो कांग्रेस पार्टी नै धरासयी बन्ने भएकाले समयमै महाधिवेशन गराउने कुरामा लाग्न जिल्ला-जिल्लाका नेताहरूलाई निर्देशन दिनुभयो । रासस

# विसं २०८० कात्तिकपछिका विपद्जन्य घटनाका पीडितलाई यस वर्ष राहत दिइने

काठमाण्डु । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १४औँ बैठकले विसं २०८० कात्तिकपछिका सबै विपद्जन्य घटनाका पीडितलाई राहत दिने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको बैठकले कार्यकारी समितिले बिहीबार गरेका निर्णय पनि अनुमोदन गरेको छ । बिहीबार गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बसेको बैठकले विपद् प्रभावित ७१ स्थानीय तहलाई तीन वर्गमा विभाजन गर्ने निर्णय गरेको थियो ।

सोअनुसार अतिप्रभावित स्थानीय सरकारलाई रु एक करोड, प्रभावितलाई रु ७५ लाख र सामान्य प्रभावितलाई रु ५० लाख सहयोग दिने कार्यकारी समितिको सिफारिसलाई आजको राष्ट्रिय परिषद्को बैठकले अनुमोदन गरेको प्राधिकरणका सहसचिव वसन्त अधिकारीले जानकारी दिनुभयो ।

गत वर्ष कात्तिकमा बसेको परिषद्को १३औँ बैठकले त्यसअघिका विपद्जन्य घटनाका पीडितलाई राहत दिएको जनाइएको छ । बैठकले विपद्जन्य घटनामा परी मृत भएका सबैलाई श्रद्धाञ्जलि अर्पण पनि गरेको छ । यसैगरी बैठकले भारी वर्षालगायत वर्षभरका विपद्ले गरेको क्षतिको विस्तृत विवरण सङ्कलन गर्ने निर्णय पनि गरेको छ । यस्तो विवरण जतिसक्दो छिटो सङ्कलन गर्न बैठकले सम्बद्ध सबै निकायलाई निर्देशनसमेत दिएको छ ।

यसैगरी बैठकले विसं २०८० कात्तिकपछि भएका विपद्का सबै घटनालाई समेटेर राहत दिने निर्णय गरेको सहसचिव अधिकारीले सुनाउनुभयो । पुनःनिर्माण, पुनःस्थापना र अस्थायी आवास निर्माणका लागि पनि गत वर्षदेखिका सबै पीडित समेटिने गरी परिषद् बैठकले निर्णय गरेको छ । रासस

# गौशाला धर्मशाला खाली गर्ने निर्णय कार्यान्वयन नगर्न आदेश

काठमाण्डु । उच्च अदालत पाटनले पशुपतिको गौशाला धर्मशाला खाली गर्ने काठमाडौँ महानगरपालिकाको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ ।

न्यायाधीश डालकुमार खड्काको एकल इजलासले आज धर्मशाला खाली गर्ने कार्य तत्कालका लागि नगर्न काठमाडौँ महानगरपालिका र पशुपति विकास कोषका नाममा अल्पकालीन अन्तरिम आदेश दिएको हो ।

काठमाडौँ महानगरपालिकाको धर्मशाला हटाउने निर्णय असंवैधानिक भएको उल्लेख गर्दै मारवाडी सेवा समितिकातर्फबाट पशुपतिक्षेत्र विकास कोषसमेत १५ जनालाई विपक्षी बनाउँदै रिट निवेदन दायर भएको थियो । दुवै पक्षबीच छलफल गरेर उक्त विवादमा निर्णय गर्ने अदालतको आदेशमा उल्लेख छ । रासस

# उत्तर कोरियाले रुसमा 'ठूलो स्तरमा' सैन्य तैनाथी पठाइरहेको सोलको गुप्तचर निकायको भनाइ

एएफपी

सोल। उत्तर कोरियाले युक्रेनमा मस्कोको युद्धलाई सहयोग गर्न 'ठूलो स्तरमा' सैन्य तैनाथी पठाउने निर्णय गरेको सोलको गुप्तचर निकायले शुक्रबार बताएको छ। निकायका अनुसार एक हजार पाँच सय विशेष बलले पहिले नै रुसको सुदूर पूर्वमा प्रशिक्षण लिइरहेको उल्लेख गरेको छ।



पहिलो तैनाथी देखाउने विस्तृत उपग्रह तस्बिरहरू सार्वजनिक गर्दै राष्ट्रिय गुप्तचर सेवा (एनआइएस) ले उत्तर कोरियाले रुसलाई मद्दत गर्न हजारौँ सैनिक पठाउने निर्णय गरेको जनाएको छ।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलले शुक्रबार आपत्कालीन सुरक्षा बैठक बोलाउनुभयो। सोलले प्योङ्याङको कदमलाई 'हाम्रो देशका लागि मात्र नभई अन्तर र्राष्ट्रिय समुदायका लागि पनि एक महत्त्वपूर्ण सुरक्षा खतरा' भनेर आलोचना गरेको राष्ट्रपति कार्यालयले बतायो।

"एनआइएसले अक्टोबर ८ देखि १३ सम्म उत्तर कोरियाले रुसी नौसेनाको परिवहन जहाजमार्फत आफ्नो विशेष बलहरूलाई रुसमा ओसारेको पत्ता लगाएको छ, यसले युक्रेनमा रुसको युद्धमा उत्तर कोरियाको सैन्य सहभागिताको सुरुआत पुष्टि गर्दछ", एनआइएसले भनेको छ।

एनआईएसका अनुसार धेरै रुसी ल्यान्डिङ जहाज र फ्रिगेटहरूले पहिलो दस्ताका सैनिकहरूको ढुवानी पहिले नै पूरा गरिसकेका छन्, तिनीहरू हाल रुसको सुदूर पूर्वका सैन्य अड्डाहरूमा तैनाथ छन्।

"विशेष बलका सैनिकहरू जलवायु अनुकूलन तालिम पूरा गरेपछि (युक्रेन द्वन्द्वको) अग्रपङ्क्तिमा तैनाथ हुने अपेक्षा गरिएको छ", एनआइएसले भन्यो। सैनिकहरूलाई रुसी सैन्य वर्दी र रुसी निर्मित हतियारहरू दिइएको छ।

"यो उत्तर कोरियाली सैनिकहरूलाई रुसी सैनिकहरू जस्तै देखाएर उनीहरू उत्तर कोरियाली सैनिक हुन् भन्ने तथ्यलाई लुकाउने प्रयास हो जस्तो देखिन्छ" एनआइएसले भन्यो।

एनआइएसका अनुसार छिट्टै थप सैनिकहरू पठाइने सम्भावना छ र उत्तरले करिब १२ हजार सैनिक पठाउन सक्ने अनुमान गरिएको छ। "छिट्टै दोस्रो यातायात अपरेशन हुने अपेक्षा गरिएको छ", यसले भन्यो।

**तोपगोला, क्षेप्यास्त्र**

प्योङ्याङ र मस्को दोस्रो विश्वयुद्धपछि उत्तर कोरियाको स्थापना भएदेखि नै सहयोगी रहेका छन् र रुसको सन् २०२२ को युक्रेन आक्रमणपछि झन् नजिक भएका छन्। उत्तर कोरियाली नेता किम जोङ उनले युक्रेनमा प्रयोगका लागि हतियार पठाइरहेको सोल र वासिङ्टनले लामो समयदेखि दाबी गर्दै आएका छन्।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले जुनमा प्योङ्याङको दुर्लभ भ्रमण गर्नुभएको थियो। भ्रमणका क्रममा दुई देशले पारस्परिक रक्षा सन्धिमा हस्ताक्षर गरेका थिए। यसले थप हतियार हस्तान्तरणको अटकलबाजी बढाएको छ र सन्धिले दुवै देशमा संयुक्त राष्ट्रसङ्घका प्रतिबन्धहरूको उल्लङ्घन गर्दछ।

उत्तरले 'गत अगस्टदेखि रुसलाई १३ हजारभन्दा बढी कन्टेनर बराबरको तोपगोला, क्षेप्यास्त्र, ट्याङ्क विरोधी रकेट र अन्य घातक हतियारहरू' प्रदान गरेको एनआइएसले शुक्रबार बताएको छ।

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले बिहीबार खुफिया रिपोर्टहरूलाई उद्धृत गर्दै उत्तर कोरियाले किएभ विरुद्धको लडाइँमा रुसलाई समर्थन गर्न १० हजार सैनिकलाई प्रशिक्षण दिइरहेको बताउनुभएको थियो।

धेरै युवा रुसीहरू अनिवार्य सैन्य सेवाबाट बच्ने प्रयास गरिरहेकाले आफ्नो ठूलो क्षतिको भर्पाइ गर्न रुसी राष्ट्रपति भ्लादिमिर पुटिन उत्तर कोरियाली सैनिकहरूमा भर परिरहनुभएको उहाँले बताउनुभयो।

यसै महिनाको प्रारम्भमा डोनेट्स्क नजिकै रुसी कब्जा गरेको क्षेत्रमा युक्रेनी क्षेप्यास्त्र आक्रमणमा छ उत्तर कोरियाली सैन्य अधिकारी मारिएको युक्रेनी सञ्चारमाध्यमहरूले बताएकाथिए।

सोलका रक्षामन्त्री किम योङ-ह्युनले त्यस बेला सांसदहरूलाई रिपोर्ट 'अत्यन्त सम्भावित' सत्य थियो भन्नुभएको थियो।

विशेषज्ञहरूका अनुसार रुसलाई गोलाबारुद आपूर्ति गर्नेदेखि सैनिकहरू पठाउनेतर्फ जानु तार्किक अर्को चरण थियो।

"रुसलाई धेरै गोलाबारुद र क्षेप्यास्त्र आपूर्ति गरेको उत्तर कोरियाका लागि विभिन्न हतियारहरू कसरी सम्हाल्ने र वास्तविक युद्धको अनुभव प्राप्त गर्ने सिक्नु महत्त्वपूर्ण छ", सोलको इन्स्टिच्युट फर फार इस्टर्न स्टडिजका प्रोफेसर लिम इउल-चुलले भन्नुभयो, "यो उत्तर कोरियाली सैनिकहरू पठाउनुको पछाडिको प्रेरक कारक उनीहरूलाई विविध अनुभवहरू र युद्धकालीन तालिम प्रदान गर्न पनि हुन सक्छ।"

## यु १९ राष्ट्रिय क्रिकेट

# पहिलो खेलमा कोशी र मधेश खेल्ने

काठमाण्डु। नरेश श्रेष्ठ मेमोरियल वाई वाई यु १९ पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको पहिलो खेलमा कोशी प्रदेश र मधेश प्रदेशबीच खेल हुने भएको छ।




| M# | DATE | VENUE | MATCH UP |
|---|---|---|---|
| 1 | OCT 26, SAT | G.P.K. CRICKET GROUND | KOSHI PROVINCE V MADESH PROVINCE |
| 2 | OCT 27, SUN | G.P.K. CRICKET GROUND | LUMBINI PROVINCE V KOSHI PROVINCE |
| 3 | OCT 27, SUN | M.B.J. CRICKET GROUND | MADHESH PROVINCE V GANDAKI PROVINCE |
| 4 | OCT 28, MON | G.P.K. CRICKET GROUND | BAGMATI PROVINCE V GANDAKI PROVINCE |
| 5 | OCT 28, MON | M.B.J. CRICKET GROUND | SUDURPASCHIM PROVINCE V LUMBINI PROVINCE |
| 6 | OCT 29, TUE | G.P.K. CRICKET GROUND | SUDURPASCHIM PROVINCE V KARNALI PROVINCE |
| 7 | OCT 29, TUE | M.B.J. CRICKET GROUND | MADHESH PROVINCE V BAGMATI PROVINCE |
| 8 | OCT 30, WED | G.P.K. CRICKET GROUND | KARNALI PROVINCE V LUMBINI PROVINCE |
| 9 | OCT 30, WED | M.B.J. CRICKET GROUND | GANDAKI PROVINCE V KOSHI PROVINCE |
| 10 | OCT 31, THU | G.P.K. CRICKET GROUND | GANDAKI PROVINCE V SUDURPASCHIM PROVINCE |
| 11 | OCT 31, THU | M.B.J. CRICKET GROUND | BAGMATI PROVINCE V LUMBINI PROVINCE |
| 12 | NOV 1, FRI | G.P.K. CRICKET GROUND | MADHESH PROVINCE V SUDURPASCHIM PROVINCE |
| 13 | NOV 1, FRI | M.B.J. CRICKET GROUND | KOSHI PROVINCE V KARNALI PROVINCE |
| 14 | NOV 2, SAT | G.P.K. CRICKET GROUND | BAGMATI PROVINCE V KOSHI PROVINCE |
| 15 | NOV 2, SAT | M.B.J. CRICKET GROUND | LUMBINI PROVINCE V GANDAKI PROVINCE |
| 16 | NOV 3, SUN | G.P.K. CRICKET GROUND | SUDURPASCHIM PROVINCE V BAGMATI PROVINCE |
| 17 | NOV 3, SUN | M.B.J. CRICKET GROUND | GANDAKI PROVINCE V KARNALI PROVINCE |
| 18 | NOV 4, MON | G.P.K. CRICKET GROUND | KARNALI PROVINCE V MADHESH PROVINCE |
| 19 | NOV 4, MON | M.B.J. CRICKET GROUND | KOSHI PROVINCE V SUDURPASCHIM PROVINCE |
| 20 | NOV 5, TUE | G.P.K. CRICKET GROUND | LUMBINI PROVINCE V MADHESH PROVINCE |
| 21 | NOV 5, TUE | M.B.J. CRICKET GROUND | KARNALI PROVINCE V BAGMATI PROVINCE |
| FINAL | NOV 6, WED | G.P.K. CRICKET GROUND | [GROUP 1ST V GROUP 2ND] |



नेपाल क्रिकेट संघ(क्यान) ले शुक्रवार जारी गरेको खेल तालिकामा कात्तिक १० देखि कात्तिक २० सम्म विराटनगरमा हुनेछ।

प्रतियोगितामा ७ प्रदेशको टोलीको सहभागिता रहनेछ। प्रतियोगितामा कोशी, मधेश, बागमती प्रदेश, गन्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको सहभागिता रहने छ। सहभागी टोलीबीच सिंगल राउन्ड रोविन लिगका आधारमा हुनेछ। लिग चरणमा शीर्ष २ टोलीबीच फाइनल हुनेछ।

प्रतियोगिताबाट एसिसी यु१९ एसिया कप र आगामी अप्रिलमा नेपालमा हुने यु १९ विश्व कपको एसिया छनोट खेल्ने टोलीको चयन हुनेछ।

# सन्दीपले अमेरिकाको भिसा पाए

काठमाण्डु। नेपाली क्रिकेटर सन्दीप लामिछानेको अमेरिकाको भिसा पाएका छन्। नेपाल क्रिकेट संघ(क्यान) ले शुक्रवार प्रेस विज्ञप्ति जारी गर्दै सन्दीपको भिसा स्विकृत भएको र अमेरिकामा हुने विश्व कप लिग टु अन्तर्गतको त्रिकोणात्मक सिरिज खेल्न उनी आजै बेलुका त्यसतर्फ जाने बताएको छ।



नेपाल, स्कटल्याण्ड र अमेरिकाबीच कात्तिक ९ देखि १९ गतेसम्म त्रिकोणात्मक सिरिज हुनेछ। यसअघि पटक पटक प्रयास गर्दा पनि सन्दीपले अमेरिकाको भिसा पाएका थिएनन्। जसका कारण उनले अमेरिकामा भएको टि ट्वान्टी विश्व कपको अमेरिकामा भएका खेल गुमाएका थिए।

केहि दिन अघि महान्यायाधिवक्ता कार्यालयले सन्दीप विरूद्धको बलात्कारको मुद्दामा पुनरावेदन नगर्ने निर्णय गरेको थियो।


सरकारी पक्षले पुनरावेदन नगर्ने निर्णय गरेपछि उच्च अदालत पाटनको फैसला यथावत रहने नियम छ। क्यानडामा भएको विश्व कप लिग टु को सिरिज खेलेर सन्दीप दशै अघि स्वदेश फर्केका थिए।

# सुनको मूल्य प्रति आउन्स दुई हजार ७०० डलरभन्दा माथि

एएफपी

हङकङ। व्यापारीहरूले सुनलाई सुरक्षित सम्पत्तिको स्रोतको रूपमा सुनलाई लिएपछि शुक्रबार सुनको मूल्य प्रति आउन्स दुई हजार ७०० अमेरिकी डलरभन्दा माथि पुगेको छ।

इजरायलले हमासका प्रमुख याह्या सिनवारको हत्या गरेको बताएपछि मध्यपूर्वलगायत क्षेत्रमा बढ्दो भूराजनीतिक अनिश्चितताका बीच ब्यापारीहरूले सुनलाई सुरक्षित सम्पत्तिको रूपमा कारोबार गर्दा यसको मागमा आएको वृद्धिले सुनको भाउ ह्वात्तै बढेको हो।



एसियाली बजारमा शुक्रबार सुनको प्रारम्भिक मूल्य दुई हजार ७०४.८९ अमेरिकी डलरको सर्वकालिक उच्च बिन्दुमा पुगेको थियो। बिहीबार सुनको मूल्य प्रति आउन्स दुई हजार ६८८.८३ डलर कायम भएको थियो।

इजरायलले गाजामा हमास र हालै दक्षिणी लेबनानमा हिजबुल्लाहसँग लडिरहेको बेला मध्यपूर्वको सङ्कटलाई लिएर सुन बजार प्रभावित भएको हो।

केन्द्रीय बैङ्कहरूले ब्याजदर घटाउने उपाय अपनाउँदा यस वर्षको सुरुदेखि नै सुनको मूल्यमा ३० प्रतिशतको हाराहारीमा वृद्धि हुनपुगेको थियो।

मूल्यमा देखिएको निरन्तरको वृद्धिले गर्दा सुन लगानीकर्ताका लागि थप आकर्षक सम्पत्ति बनेको छ।

युक्रेनमा लामो समयदेखि चलिरहेको युद्धका बारेमा चिन्ताले व्यापारीहरूमा सुरक्षित लगानीको चाहना बढ्नुलाई स्वभाविक मानिएको छ।

# विद्यार्थी प्रदर्शनपछि शुक्रबार शैक्षिक संस्था बन्द गर्न पाकिस्तानी प्रशासनको निर्देशन

एएफपी

लाहोर। पाकिस्तानको सबैभन्दा बढी जनसङ्ख्या भएको पञ्जाब प्रान्तका अधिकारीहरूले शुक्रबारका लागि सबै शैक्षिक संस्थाहरू बन्द गर्न निर्देशन दिएका छन्।



पूर्वप्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म समावेश गरिएको बन्दले पूर्वी पञ्जाब प्रान्तमा वयस्क विद्यार्थीका अतिरिक्त लगभग दुई करोड ६० लाख बालबालिका प्रभावित हुनेछन्।

प्रान्तीय राजधानी लाहोरमा 'पञ्जाब कलेज फर वुमेन' को एक भवनको पार्किङस्थल (भुईतल्ला)मा एक छात्रामाथि बलात्कार भएको समाचार सामाजिक सञ्जालमा फैलिएपछि प्रदर्शन सुरु भएको हो।

प्रहरी, कलेज र प्रान्तीय सरकारले कुनै पनि पीडित अगाडि नआएको र अनलाइनमा आएको गलत सूचनालाई आधार मानेर आन्दोलित नहुन सर्वसाधारणलाई आग्रह गरेका छन्।

त्यसपछि लाहोरका साथै राजधानी इस्लामावादसँग जोडिएको रावलपिण्डी सहरका क्याम्पसहरूमा प्रदर्शनहरू फैलिएका छन् र विद्यार्थीहरूले अधिकारीहरूले यसलाई ढाकछोप गरेको आरोप लगाएका छन्।

रावलपिण्डीका वरिष्ठ प्रहरी अधिकारी सैयद खालिद महमुद हमदानीले बिहीबार शहरमा भएको प्रदर्शनमा तोडफोड र आगजनी गरेको आरोपमा ३८० जनालाई पक्राउ गरिएको र अनुसन्धान जारी रहेको बताउनुभएको छ।

उहाँले एएफपीसँग भन्नुभयो, "हामी सामाजिक सञ्जालबाट हिंसात्मक गतिविधिमा सम्लग्न व्यक्तिको खोजी गर्नेछौं।"

पञ्जाबको शिक्षा र आन्तरिक विभागले बिहीबार अबेर राति तीन छुट्टाछुट्टै सूचना जारी गर्दै सबै शैक्षिक विभागहरू बन्द गर्न आदेश दिएको छ।

प्रान्तीय आन्तरिकमामिला मन्त्रालयले पनि शुक्रबार र शनिबार भेला हुन प्रतिबन्ध लगाएको छ।

रावलपिण्डीमा बिहीबार प्रदर्शन गरिरहेका १९ वर्षीय एक विद्यार्थीले भने, "उनीहरूले आफ्नो संस्थाको साख जोगाउनका लागि सत्यलाई ढाकछोप गर्न सरकार र उच्च अधिकारीहरूलाई घूस दिएका छन्।"

यी प्रदर्शनहरूले पाकिस्तानी विद्यार्थीहरूको सुरक्षा, उत्पीडन र कलेजहरूमा महिलाहरूमाथि हुने यौन दुर्व्यवहारका साथै अधिकारी प्रतिको अविश्वासप्रति गहिरो चिन्ता व्यक्त गर्दछ।

प्रदर्शनकारीहरूले लाहोरस्थित क्याम्पसहरूमा झ्यालहरू तोडफोड गर्नुका साथै विद्यालयका सवारी साधन (स्कूल बस) हरूमा आगजनी गरेका छन्। प्रदर्शनका क्रममा कैयौं स्थानमा विद्यार्थी र प्रहरीबीच झडपसमेत भएको छ।

प्रहरीले अनलाइन पोष्टमा पहिचान गरिएको भन्दै एक सुरक्षा गार्डलाई पक्राउ गरेको छ तर कुनै पनि पीडित अगाडि नआएको र उनीहरूले बलात्कारको आरोप पुष्टि गर्न नसकेको बताएका छन्।

लाहोरका निजी पञ्जाब ग्रुप अफ कलेजका निर्देशक आरिफ चौधरीले बुधबार आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "वास्तवमा यो घटनासँग सम्बन्धित कोही पनि व्यक्ति भेटिएको छैन।"

उनले भने, 'म राजीनामा दिन्छु र यो पेशा त्यागेर यदि घटना घट्यो भने म विद्यार्थीको साथमा उभिनेछु।

सो प्रान्तकी मुख्यमन्त्री मरियम नवाज सरिफले गलत पोस्ट फैलाउनेलाई दण्डित गरिने बताउनुभएको छ।

# दिल्लीमा आगलागीमा हुदाँ दुई जनाको मृत्यु, चार घाइते

एएनआई

नयाँदिल्ली। दिल्लीको भोलानाथ नगरस्थित एउटा घरमा शुक्रबार आगलागी हुँदा दुई जनाको मृत्यु हुनुका साथै चार जना घाइते भएको प्रहरीले जनाएको छ।



भोलानाथ नगरस्थित स्थानीय प्रहरी अधिकारीका अनुसार सबै घाइते तथा मृतकहरू एउटै परिवारका सदस्य रहेका र उनीहरूको आगलागीका कारण कोठामा धुवाँले निस्सासिएर मृत्यु भएको हो।


प्रहरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "शुक्रबार बिहान ५:५० बजे दिल्लीको भोलानाथ नगरको घर नम्बर-१९७ आगलागी भएको जानकारी प्राप्त भएको र तत्काल प्रहरी तथा उद्धार टोली घटनास्थलमा पुगी घाइतेलाई उपचारको लागि जीटीबी अस्पतालमा लगिएको थियो।"

फायर ब्रिगेडले आगलागीलाई केही समयमा नै नियन्त्रणमा लिएको थियो भने भग्नावशेषबाट ४२ वर्षीय शिल्पी गुप्ता र १६ वर्षीय प्रणव गुप्ताको मृत शरीर निकालेको छ। घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

# ब्रिक्स सम्मेलनमा भाग लिन भारतीय प्रधानमन्त्री मोदीले रूसको भ्रमण गर्ने

एएफपी

नयाँदिल्ली। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आगामी साता सुरू हुने ब्रिक्स शिखर सम्मेलनमा भाग लिन मस्को प्रस्थान गर्नुहुने भएको नयाँदिल्लीले शुक्रबार जानकारी गराएको छ।



ब्रिक्स पाँच प्रमुख उदीयमान अर्थव्यवस्थाहरू: ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकालाई जोड्नेगरि तयार पारिएको संक्षिप्त रूप हो। वासिङ्टन र अन्य पश्चिमी सहयोगीहरूसँग नजिकको सुरक्षा साझेदारीको बावजुद भारतको मस्कोसँग लामो समयदेखि सुमधुर रहँदै आएको छ।

मस्को र पश्चिमा मुलुकहरूसँगको सन्तुलित सम्बन्धका कारण भारतले युक्रेनमा रूसी युद्धको विरोध गरेको छैन। यसको सट्टा जारी द्वन्द्वको शान्तिपूर्ण समाधानको मध्यस्थता गर्न मध्यस्थकर्ताको रूपमा भारतले आफूलाई प्रस्ताव गरेको छ।

भारतीय विदेश मन्त्रालयले भोल्गा नदीको किनारमा रहेको कजान शहरमा हुने शिखर सम्मेलनमा भाग लिन मोदी अक्टोबर २२ र २३ मा रुस जाने जनाएको छ।

गत जुलाईमा मस्कोको भ्रमण गरेका प्रधानमन्त्री मोदीको यो उकै बर्षमा हुन लागेको दोस्रो रूस भ्रमण हो।

रूस भारतका लागि तेल र हतियारको महत्वपूर्ण आपूर्तिकर्ता हो तर मस्को पश्चिमबाट अलग्गिनु र बेइजिङसँगको बढ्दो सम्बन्धका कारण नयाँदिल्लीसँगको रूसको साझेदारी प्रश्नचिन्ह खडाभएको छ।

युक्रेन युद्धले भारतलाई परम्परागत रूपमा यसको सबैभन्दा ठूलो आपूर्तिकर्ता रूसको सट्टा हतियारका लागि अन्य स्रोतहरू खोज्न बाध्य पारेको छ।

युरोपमा परम्परागत खरीदकर्ताहरूले छोडेको आवश्यक निर्यात बजारका लागि भारत रूसी कच्चा तेलको एक विश्वसनीय प्रमुख क्रेता बनेको छ। यसले नाटकीय रूपमा उनीहरूको आर्थिक सम्बन्धलाई पुनः संरचना गरेको छ, भारतले मस्कोको युद्ध कोषलाई बलियो बनाउन अर्बौं डलर योगदान गरेको छ।

सन् २००९ मा ब्राजिल,रूस, भारत, चीन र दक्षिण अफ्रिका गरी पाँच सदस्य राष्ट्रको प्रारम्भिक अक्षरबाट स्थापित यस सङ्गठनमा इरानलगायत मध्यपूर्वका देशहरूलाई पनि समेटिएको छ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका विदेश नीति सहयोगी युरी उशाकोभले यसै महिना सम्मेलनमा २४ देशका नेता सहभागी हुने बताउनुभएको थियो।

# हमास प्रमुखको मृत्यु भएको इजरायली प्रधानमन्त्री नेतन्याहूद्वारा जानकारी

एएफपी

तेल अभिभ। प्यालेस्टिनी इस्लामिक लडाकू समूह (हमास) का प्रमुख तथा गत वर्ष अक्टोबर ७ मा भएको भयानक आक्रमणका मुख्य योजनाकार याह्या सिनवारको मृत्यु भएको इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले बिहीबार राति पुष्टि गर्नुभएको छ।



प्रधानमन्त्री नेतन्याहूले आफ्ना सहयोगीलाई हमास प्रमुखको मृत्युबारे इजरायली बन्धकका परिवारलाई जानकारी दिन पनि निर्देशन दिनुभएको छ।

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले हमास प्रमुखको मृत्यु 'न्यायिक' भएको बताउनुभएको छ। "हमासले इजरायलका लागि निम्त्याएको खतरालाई निर्मूल पार्नुपर्छ," अर्को महिना हुने अमेरिकी राष्ट्रपतीय चुनावका लागि डेमाक्र्याटिक उम्मेदवार ह्यारिसले भन्नुभयो, "परिणामस्वरुप विश्वले सुरक्षित महशुस गर्न सक्नेछ र पीडितका परिवारले राहत महसुस गर्नेछन्।"

इजरायली रक्षा बल (आईडीएफ) ले गाजामा आफ्नो कारबाहीका क्रममा तीन जना हमास लडाकू मारिएको पुष्टि गरेको थियो। इजरायली आक्रमणमा मृत्यु भएका तीन लडाकूमध्ये एक हमासका प्रमुख याह्या सिनवार भएको बताइएको छ।

आईडीएफले एक्समा एक पोस्ट शेयर गर्दै लेखेको छ, "गाजामा आईडीएफ अपरेसनको क्रममा तीन जना मारिएका थिए। आईडीएफ र आईएसएले आतंकवादीमध्ये एक याह्या सिनवार भएको सम्भावनाको वैज्ञानिक पुष्टि गर्न आवश्यक जाँच भइरहेको छ।" मङ्गलबार आईडीएफ र शिन बेट सुरक्षा निकायले अक्टोबर ७ मा भएको आक्रमणमा सहभागी हमासका तीन 'आतङ्ककारी' हालैका दिनमा भएका हवाई आक्रमणमा मारिएको जनाएको छ।

इजरायलले लेबनानमा गरेको हवाई आक्रमणमा हिजबुल्लाहका अर्का उच्च पदस्थ नेता हसन नसरल्लाहको मृत्यु भएको केही हप्तापछि यो घटना भएको हो।

यसअघि हमासका अर्का वरिष्ठ नेता इस्माइल हनियाको इरानमा मृत्यु भएको थियो। तेहरान र हमासले हनियाको मृत्यु भएको घटनामा आक्रमणको आरोप इजरायलमाथि लगाए पनि इजरायलले न त यो आरोप स्वीकारेको छ न त अस्वीकार नै गरेको छ।

हालै आईडीएफले गाजामा हमास सरकारका प्रमुख राउही मुश्ताहा र हमासको राजनीतिक ब्युरोमा सुरक्षा जिम्मेवारी सम्हालेका समेह अल सिराजसहित हमासका उच्च पदस्थ अधिकारीहरूको मृत्यु भएको जनाएको थियो।

## तीन महिनाको प्रगतिः
# अर्थतन्त्रमा सुधारदेखि 'कन्ट्री क्रेडिट रेटिङ'सम्मका प्रगति

काठमाडौँ, २ कात्तिकः अर्थ मन्त्रालयले नयाँ सरकार गठन भएको तीन महिनामा भएका महत्वपूर्ण काम कारबाहीको विवरण सार्वजनिक गरेको छ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको विवरणमा मुलुकको अर्थतन्त्र सुधारका लागि सुझाव दिन उच्चस्तरीय आर्थिक सुधार आयोग गठन, आन्तरिक राजस्व परिचालन रणनीतिको कार्यान्वयन, कन्ट्री क्रेडिट रेटिङको तयारी पूरादेखि सङ्घीय संसद्मा विधेयक पेससम्म उल्लेख छ।

अर्थ मन्त्रालका प्रवक्ता महेश भट्टराईले अर्थतन्त्रमा चुनौती रहेपनि पहिलेको तुलनामा सुधार आइरहेको बताउनुभयो । प्रवक्ता भट्टराईले तीन महिनामा निजी क्षेत्रको आत्मविश्वास बढेको, गत वर्षको यसै अवधिको तुलनामा पुँजीगत खर्च र राजस्व सङ्कलन बढेको, ब्याजदर कम भएको, निजी क्षेत्रतर्फ प्रवाहित कर्जा वृद्धि भएको, पुँजी बजार चलायमान भएको, विदेशी मुद्रा सञ्चिति बढेको, रेमिट्यान्स वृद्धि भएको जानकारी दिनुभयो । पुँजीगत खर्च गत वर्षको यसै अवधिको तुलनामा ६५ प्रतिशतले वृद्धि भएको छ भने राजस्व सङ्कलन गत वर्षको यसै अवधिको तुलनामा १३ प्रतिशतले वृद्धि भएको छ।

यसैगरी विदेशी मुद्राको सञ्चिति हालसम्मको उच्च रु २१ खर्ब ५२ अर्ब रहेको छ। विप्रेषण १५ प्रतिशतले वृद्धि भएको छ भने ब्याजदर घटेर औसत छ दशमलव १५ प्रतिशत कायम भएको छ।

अर्थ मन्त्रालयले बजेट कार्यान्वयन गर्न ७३ बुँदे मार्गदर्शन जारी गरी बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाएको जनाइएको छ । बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसबाट हालसम्मको चालु, पुँजीगत तथा समग्र खर्चमा उल्लेख्य सुधार ल्याउन सहयोग पुगेको विवरणमा उल्लेख छ । मुलुकको समग्र अर्थतन्त्र सुधारको लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गरी अध्ययन कार्य प्रारम्भ गरिएको जनाइएको छ।




त्यस्तै राजस्व चुहावट नियन्त्रण गर्न केन्द्रीय द्रुत गस्ती टोली गठन गरी परिचालन गरिएको छ । अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञ संस्थाबाट नेपालको सार्वभौम साख मूल्याङ्कन (क्रेडिट रेटिङ) को कार्य अगाडि बढाइ प्रतिवेदन प्राप्त गर्ने चरणमा छ।

> अर्थ मन्त्रालका प्रवक्ता महेश भट्टराईले अर्थतन्त्रमा चुनौती रहेपनि पहिलेको तुलनामा सुधार आइरहेको बताउनुभयो ।

यसैगरी, नयाँ बीमा नियमावली, २०८१ तर्जुमा गरी मन्त्रिपरिषद्मा पेस भएको छ। साना तथा मझौला सङ्गठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबारसम्बन्धी नियमावली, २०८१ मन्त्रिपरिषद्मा पेस गरिएको छ। आन्तरिक राजस्व परिचालन रणनीति,२०८१ स्वीकृत गरी कार्यान्वयनमा आइसकेको छ।

मन्त्रालयले भन्सार मूल्याङ्कनलाई यथार्थ कारोबार मूल्यमा आधारित बनाउन रणनीति तयार गरी लागू गरिएको छ। भन्सार महसुल नियमावली, २०८१ तर्जुमा गरी मन्त्रिपरिषद्मा पेस भएको छ । यसबाट भन्सार प्रक्रिया थप सरलीकृत हुने अर्थमन्त्रालयले जनाएको छ। त्यस्तै, यस अवधिमा सार्वजनिक संस्थानमा ऋण तथा लगानीसम्बन्धी नीति तर्जुमा गरी मन्त्रिपरिषद्मा पेस भएको छ । आन्तरिक ऋण निष्काशन तथा व्यवस्थापन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को संशोधन विधेयक सङ्घीय संसद्मा पेस गरिएको छ।

तातोपानी भन्सार कार्यालयमा लगेज तथा भेहिकल स्क्यानर मेसिनको प्रयोग सुरु गरिएको छ भने वीरगञ्ज भन्सार कार्यालय, भैरहवा भन्सार कार्यालय र नेपालगञ्ज भन्सार कार्यालयमा ल्याब मोड्युल सुरु गरिएको विवरणमा उल्लेख छ।

भन्सार प्रज्ञापनपत्रको मुख्यमुख्य चरणको जानकारी निकासी तथा पैठारीकर्तालाई ईमेलमार्फत जानकारी गराउने प्रणाली सुरु भएको छ। नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको अभौतिकीकरण कार्य भएको, आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन,२०८१ तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिएको जनाइएको छ।

हस्तान्तरण मूल्यसम्बन्धी निर्देशिका, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको अर्थ मन्त्रालयले जनाएको छ वार्षिक रु २५ करोडभन्दा बढीको कारोबार गर्ने चार सयभन्दा बढी करदाताको कारोबारलाई केन्द्रीय बिजक अनुगमन प्रणालीमा आबद्ध गरिएको छ।

अन्तःशुल्क चुहावट नियन्त्रणका लागि मदिरा, वियर, चुरोट, सुर्तीजन्य वस्तु, इनर्जी ड्रिङ्क्स र जुसको व्यावसायिक उत्पादन गर्ने एक सय भन्दा बढी उद्योग प्रतिष्ठानको स्थलगत निरीक्षण तथा अनुगमन गरिएको छ।

बहुवर्षीय ठेक्का प्रक्रियालाई थप व्यवस्थित र कार्यान्वयन योग्य बनाउन पहल गरिएको छ । योजनाको प्राथमिकीकरण गरी बजेट विनियोजन तथा कार्यन्वयनलाई थप प्रभावकारी बनाउने कार्य भएको छ । दोस्रो वित्तीय क्षेत्र रणनीति निर्माणको कार्य प्रारम्भ भएको छ।

साथै विवरणमा विकास सहायतासम्बन्धी नयाँ नीति तर्जुमाको कार्य भइरहेको, नयाँ बजेट तर्जुमा दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको, वर्तमान सरकार गठन भएको दुई महिनापछि विश्व बैंक, एसियाली विकास बैंक, आइएमएफलगायतले नेपालको अर्थतन्त्र सुधारोउन्मुख भएको प्रतिक्रिया दिएको समेत उल्लेख छ ।


# बिजुलीको झिलीमिलीले ओझेलमा माटोका पाला, कुम्भकार चिन्तित

जलेश्वर ।ः बिजुलीको झिलीमिलीमा स्थानीय रमाउन थालेपछि तराईमा तिहार र छठका बेला माटोका पाला, दियो र भाँडाकुँडा बेचेर घरखर्च जुटाउँदै आएका महोत्तरीसहित सम्पूर्ण मिथिला क्षेत्रका कुम्भकारको चिन्तित भएका छन्।

बिजुलीको झिलीमिलीमा रमाउने आधुनिक समाजले माटोका दिया, पालालाई बेवास्ता गर्दा पुस्तौँदेखि महोत्तरीसहित सम्पूर्ण मिथिलाका कुम्हाले चिन्तित भएका हुन्।

दीपावली र छठका बेला बर्सेनि लाखौँका माटाका भाँडाकुँडा र दियो बिक्री गर्ने गरेका कुम्हालहरू समाजले झिलीमिली बत्ती, प्लाष्टिक र धातुका विभिन्न भाँडाकुँडाले गर्दा माटोको भाडावर्तन, पालालगायत सामग्रीको बिक्रीमा कमी आएको जलेश्वर नगरपालिका-१ का कुम्हाल मङ्गल पण्डितले बताउनुभयो।

दिपावली, छठपर्वलगायत अन्य पूजापाठमा अति आवश्यक दियो, ढकनी, घैँटो, मटिया, कुसिया, भन्दै सबैले प्रयोग गर्ने बेला आफूहरूलाई ती भाँडाकुँडा पूर्ति गर्न भ्याइनभ्याई हुने गरेको बताउँछन् भने अहिलेका मानिस आधुनिकतामा रमाएर धातु र प्लाष्टिकका भाँडाकुँडा तथा बिजुलीबत्ती प्रयोग गर्न थालेपछि आफूहरूको व्यवसाय चौपट भएको दुखेसो उहाँले गर्नुभयो। सदरमुकाम जलेश्वरलगायत जिल्लाको मटिहानी,



धिरापुर, रामगोपालपुर, गौशाला, औरही, गौशाला, बर्दिबासलगायत गाउँपालिकाका कुम्हालले माटोको दियो, ढकनी, घैँटो, मटिया, कुसिया र कुरबारलगायत सामग्री बेच्ने गरेकामा अहिले नगण्य मात्रामा ती बजारमा सामग्री बिक्री हुने गरेको महोत्तरी गाउँपालिका-४ कुम्हाल वीरेन्द्र पण्डितले बताउनुभयो।

पहिला महोत्तरीका विभिन्न गाउँठाउँमा बनाइएका माटाका भाँडाकुँडा तराईमा मात्र नभएर काठमाडौँ, पोखरा, हेटौँडा, जनकपुर र भारतीय सहर मधुवनी, दरभङ्गा, सीतामढी र पटनासम्म निर्यात हुने गरेकामा अहिले स्थानीय बजारमा माग ह्वात्त घटेपछि आफूहरूको पेसा नै धरापमा परेको जलेश्वर नगरपालिका-११ का कुम्भकार सुरज पण्डितले बताउनुभयो।

अत्यधिक श्रम र लगानीमा तयार गरिने माटोको भाँडाकुँडा, दियो, मटिया, कुसिया, कुरबारलगायत सामग्री बिक्री नहुनु र बिक्री भए पनि लगानीसमेत नआउनुले यस पेसामा अब नयाँ पुस्ता लाग्न नचाहेको जलेश्वर नपा-६ का कुम्भकार नन्दु पण्डित बताउनुभयो । रासस

# देशभर बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाइँदै

काठमाण्डु । बालबालिकालाई आज र भोलि देशैभर भिटामिन ' ए' र जुकाको औषधि खुवाइँदैछ । स्वास्थ्य सेवा विभाग अन्तर्गतको परिवार कल्याण महाशाखाका पोषण शाखा प्रमुख लीला विक्रम थापाले कात्तिक २ र ३ गते ५ वर्ष मुनिका बालबालिकालाई लक्षित गरी कार्यक्रम गरिने बताउनुभयो।

उहाँले सात सय ५३ स्थानीय तहमा यस्को व्यवस्था रहेको जनाउँदै पायकपर्ने स्थान विद्यालय, वडा कार्यालयमा स्वस्थ्य स्वयंसेविकालाई परिचालन गरिएको बताउनुभयो।

राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत हरेक वर्ष ६ महिनादेखि पाँच वर्ष मुनिका बालबालिकालाई भिटामिन 'ए' क्यापसुल तथा एक वर्षदेखि पाँच वर्ष मुनिका बालबालिकालाई जुकाको औषधि खुवाइने गरिएको छ।रासस

# महिला स्वास्थ्य स्वयंसेविकालाई निःशुल्क यातायात

काठमाण्डु। महिला स्वास्थ्य स्वयंसेविकाहरुले कामका लागि निःशुल्क सार्वजनिक यातायात चढ्न पाउने भएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको पहलमा यातायात व्यवसायीले स्वास्थ्य प्रयोजनका लागि सार्वजनिक यातायातका साधनमा भाडा नलिने घोषणा गरेका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलको सक्रियतामा



मन्त्रालयमा उक्त समझदारी भएको हो। यातायात व्यवसायी राष्ट्रिय महासङ्घसँगको सहमतिपछि आज मन्त्रालयमा यससम्बन्धी समझदारी भएको हो। यही कात्तिक १५ गतेदेखि उक्त व्यवस्था लागू गर्न मन्त्री पौडेलले गरेको आग्रहमा महासङ्घका अध्यक्ष विजयबहादुर स्वारले सहमति जनाउनुभएको हो।

मन्त्री पौडेलले भन्नुभयो, "महिला स्वास्थ्य स्वयंसेविकाले देशको स्वास्थ्य क्षेत्रमा पुऱ्याएको भूमिकालाई सम्मान गर्न यो निर्णय महत्वपूर्ण छ। आफ्नो व्यावसायिक सामाजिक उत्तरदायित्वअन्तर्गतको यो सहयोगका लागि यातायात व्यवसायी राष्ट्रिय महासङ्घप्रति आभार व्यक्त गर्दछु।"

उहाँले न्यून सुविधामा आम मातृशिशु तथा समुदायको स्वास्थ्य सेवाका लागि लामो समयदेखि प्रयत्नरत रहेको भन्दै यो निर्णय महत्वपूर्ण रहेको बताउनुभयो। महिला स्वास्थ्य स्वयंसेविकाको छाता संस्थाकी अध्यक्ष वसन्ती महर्जनले निकै महत्वपूर्ण निर्णय भएको भन्दै यसका लागि मन्त्री पौडेल र व्यवसायी महासङ्घप्रति आभार प्रकट गर्नुभयो।

हाल देशभर ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका कार्यरत रहेका छन्। मन्त्रालयसँग महासङ्घले गरेको प्रतिबद्धतामा सामाजिक उत्तरदायित्वअन्तर्गत सम्बन्धित तह रहेको जिल्लाभर तोकिएको जिम्मेवारी पूरा गर्न सार्वजनिक यातायातका साधनमा प्राथमिकता दिएर निःशुल्क आवतजावत गर्न दिने उल्लेख छ।रासस

# धुलिखेलका बासिन्दामा स्वास्थ्य बीमाप्रति बढ्दो आकर्षण

काभ्रेपलाञ्चोक, पहिलो स्वस्थ सहरको घोषित धुलिखेलका बासिन्दामा स्वास्थ्य बीमाप्रति आकर्षण बढेको छ। हालसम्म जिल्लाको कुल जनसङ्ख्याको ५० दशमलव ८३ प्रतिशतले स्वास्थ्य बीमा गरेको स्वास्थ्य बीमा बोर्डले जनाएको छ।

जिल्लामा तीन लाख ६४ हजार ३९ नागरिक छन्। यसमध्ये १ लाख ८५ हजार ७० जनाले स्वास्थ्य बीमा गरेको बोर्डले जनाएको हो।

बोर्डको जिल्ला संयोजक मुना निरौलाका अनुसार १३ स्थानीय तहमध्ये सबैभन्दा धेरै धुलिखेल नगरपालिकाका नागरिकले स्वास्थ्य बीमा गरेका छन्। उक्त नगरका ३३ हजार ७ सय २६ जनसङ्ख्यामध्ये ३२ हजार ४ सय ११ जनाले स्वास्थ्य बीमा गराएका हुन्।

विश्व स्वास्थ्य सङ्गठनद्वारा 'नेपालको पहिलो स्वस्थ सहर' घोषित धुलिखेलका नगरप्रमुख अशोक ब्याञ्जूका अनुसार सङ्गठनको मापदण्ड पूरा गरेर स्वास्थ्य क्षेत्रको नीतिगत सुधार, स्वास्थ्य क्षेत्रको दिगो विकास लक्ष्य, वातावरणीय सुधार, गरिब नागरिकको स्वास्थ्यमा पहुँच, दीर्घरोग र सरुवा रोग अनि सामुदायिक स्वास्थ्यमा सुधार ल्याउनुका साथै स्थानीय सरकारको उक्त घोषणा गरिएको हो। " सबै नगरवासीको स्वास्थ्य बीमा गराउने लक्ष्य छ, त्यो चालु आर्थिक वर्षमा पूरा गर्नेछौँ", ब्याञ्जूले भन्नुभयो।

जिल्लाका बिमितले धुलिखेल अस्पताल, मेथिनकोट अस्पताल, धुलिखेल प्राथमिक स्वास्थ्य केन्द्र, खोपासी, सुन्थान र पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्र, बनेपास्थित रेयूकाइ एईको मासुनागा आँखा अस्पतालबाट सेवा लिन सक्नेछन्। सरकारले नेपाली नागरिकलाई सर्वसुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सामाजिक स्वास्थ्य बीमाको आधारमा स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेको हो। रासस

# धार्मिक पर्यटकका लागि तीन करोडको लगातमा आश्रम भवन

पर्वत। पर्वतको महाशिला गाउँपालिका-५ लुंखुदेउरालीस्थित प्रसिद्ध धार्मिक एवम् पर्यटकीय स्थल महाशिला क्षेत्रमा आउने धार्मिक पर्यटकलाई लक्षित गरी आश्रम भवन निर्माण गरिएको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहयोगमा रु तीन करोड २० लाख लागतमा भवन निर्माण गरिएको हो।

विसं २०७८ भदौदेखि निर्माण सुरु भएको भवन हालै सम्पन्न भएको हो । तीन तला भएको पक्की भवनमा १७ वटा कोठा रहेका छन्।

जसमा तालिम, गोष्ठि तथा सेमिनारका लागि हल, योग तथा साधना गर्नेका लागि समेत कोठा निर्माण गरिएको जनाइएको छ।

महाशिलाको दर्शन तथा अध्ययन, अवलोकनका लागि स्वदेश तथा विदेशबाट आउने पर्यटकको सुविधाका लागि भवन निर्माण गरिएको महाशिला धार्मिक तथा पर्यटकीय विकास संस्थाका अध्यक्ष पुष्पराज पौडेलले बताउनुभयो । आश्रम



भवनको सबैजसो काम सकिएको जनाइएको छ । चालु आर्थिक वर्षमै भवनबाट सेवा सञ्चालनका लागि रु एक करोड ५० लाख बजेट बिनियोजन भइसकेको जनाइएको छ। भवनमा एकपटक ५० जनाभन्दा व्यक्ति बस्न सक्ने अध्यक्ष पौडेलले जानकारी दिनुभयो। आश्रम आउने पर्यटकलाई निःशुल्क बस्ने र खाने सुविधा उपलब्ध गराइनेछ।

लुंखुदेउरालीमा पक्की मोटरबाटोको सुविधा पुगेकाले पनि पोखरा, स्याङ्जा, गुल्मी, बुटवल, पाल्पालगायतका स्थानबाट पछिल्लो समय पर्यटक आउने क्रम बढेको स्थानीय सरस्वती अधिकारीले बताउनुभयो। महाशिला हिँडेर एक पटक परिक्रमा गर्दा १० मिनेटभन्दा बढी समय लाग्ने उहाँले बताउनुभयो।

यहाँ एकादशी, बालाचतुर्दशी, शिवरात्रि, रामनवमी, अक्षयतृतीयालगायतका अवसरमा मेला लाग्ने गर्दछ। महाशिला गाउँपालिकाको नामाकरण पनि यही शिलाको नामबाट नामाकरण गरिएको हो।

एक सय ३० मिटर अग्लो शिला झण्डै दश रोपनी क्षेत्रफलमा फैलिएको छ। शिला परिसरमा विभिन्न संरचना निर्माणका लागि स्थानीयले निःशुल्क जग्गा समेत दान गरेका छन् । अहिले शिलाको स्वामित्वमा झण्डै २० रोपनी क्षेत्रफल रहेको अध्यक्ष पुष्पराज पौडेलले बताउनुभयो।

महाशिला गाउँपालिकाले यसको विकासका लागि रु ७० करोड रुपैयाको गुरुयोजना समेत बनाएको छ । गुरुयोजना अनुसार कामहरु अघि बढाउँदै लगिएको गाउँपालिकाका अध्यक्ष इश्वरीप्रसाद भुसालले बताउनुभयो। रासस

## भूमिसुधार तथा मालपोत कार्यालय, धनुषा

### सूचना ! सूचना !! सूचना !!!

जिल्ला धनुषा बेंगाडावर गा.वि.स. वडा नं. ०७ हाल मिथिला न.पा. वडा नं.०९ मा बस्ने सिता देवि कार्की समेतको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमका जग्गामा जिल्ला धनुषा बेंगाडादर गा.वि.स वडा नं ७ मिथिला न.पा वडा नं ०९ मा बस्ने गंगा कुमार श्रेष्ठ मोही रहेको र निजको नाउँ मेरो जग्गाधनी प्रमाण पुर्जामा रही रहेकोमा निज मोहीको यस ठाउँमा बसोबास नभएको र जिनको शेष पछी हक खाने एकासगोलको श्रीमान्, श्रीमती, बाबु आमा, छोरा, छोरी, बुहारी, नाती नातीबुहारी ३५ वर्ष पुगेको अविवाहीता छोरी धर्मपुत्र, दाजु भाईहरु कानूनी हकदार समेत नभएको हुदाँ उक्त जग्गा म जग्गाधनीले आफै जोती कमाई आइरहेको छु। तर उक्त जग्गाको मोही गंगा कुमार श्रेष्ठको लगतमा हाल सम्म यथावत कायम नै रहेको हुदाँ निज मोहीको नाउँ कट्टा गरी जग्गाधनी प्रमाण पूर्जा तथा श्रेस्ताको मोही महलबाट समेत मोहीको नाउँ कट्टा गरिदिन श्री भूमिसुधार तथा मालपोत कार्यालय धनुषाको नाउँमा पत्र लेखि पाउँ भनी जग्गाधनी सिता देवि कार्की समेतले मिति २०८१/०४/२७ गतेमा दिएको निवेदनमा कारवाही हुदाँ दावी जग्गाको मोही गंगा कुमार श्रेष्ठ वा निजको एकासगोलको माथि उल्लेखित हकदारहरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण प्रमाणहरु साथ आफै वा बारेश मार्फत लिखित जवाफ सहित हाजिर हुनु भनी सार्वजनिक सूचना प्रकाशित गर्ने भनी मिति २०८१/०६/२१ मा आदेश भएको हुदाँ उक्त आदेश बमोजिम यो सूचना प्रकाशित गरिएको छ। दाबी जग्गाबाट मोही गंगा कुमार श्रेष्ठ को नाम कट्टा हुनु नपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुन आउनुहोला। अन्धया दाबी जग्गाबाट मोहीको नाउँ कट्टा भई जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ।

**तपसिल**

| सि.न. | गा.वि.स. | वडा नं. | कि.न. | क्षेत्रफल | मोहीको नाउँ | जग्गाधनीको नाउँ |
|---|---|---|---|---|---|---|
| १ | बेंगाडावर | ७ख | २२२ | ०-३-०-० | गंगा कुमार श्रेष्ठ | सिता देवि कार्की समेत |


# प्यारातालमा पूर्वाधार निर्माण गरिँदै

कञ्चनपुर । कञ्चनपुरको पुनर्वास नगरपालिका-९ स्थित नेपाल-भारत सीमाक्षेत्रमा रहेको प्यारातालालाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न ताल परिसरमा पर्यटकलाई आकर्षण गर्ने संरचना निर्माण भइरहेका छन। प्यारातालमा पर्यटकको आकर्षणका लागि यहाँका नागरिकले प्याराताल परिसर श्रङ्गार गर्ने काम गरिरहेका छन।

नागरिकहरुले स्वतःस्फूर्त रुपमा ताल परिसरमा विभिन्न प्रकारका कलात्मक आकृति निर्माण गरिरहेको प्याराताल पर्यटन प्रवर्द्धन तथा संरक्षण समितिका अध्यक्ष दीपेन्द्र बस्नेतले जानकारी दिनुभयो।

"तालको जैविक पहिचानलाई उजागर गर्न र पर्यटकलाई आकर्षण गर्न ताल परिसरमा संरचना निर्माण भइरहेका छन् ।" उहाँले भन्नुभयो,"नागरिकको स्वतःस्फूर्त सहयोगमा ताल परिसरमा सेल्फी प्वाइन्ट, माछाको प्रतिमा, कछुवाको प्रतिमा, दुर्लभ जलचर ओदको प्रतिमा राखिएको छ ।" उहाँका अनुसार ताल परिसरमा उक्त प्रतिमा लगायतका संरचना निमार्णका लागि विभिन्न व्यक्तिहरुबाट रु १६ लाख सङ्कलन भएको थियो।

अध्यक्ष बस्नेतले भन्नुभयो,"सामाजिक सञ्जालबाट सुरु भएको अभियानले अहिले ताल परिसर सजाउन देश विदेश करिब १६ लाख आर्थिक स्रोत जुटेको छ।"त्यसैगरी ताल परिसरमा सजाउन गोही, मयुरको प्रतिमा, वाटर फाउन्टेन र आगन्तुकको मनोरञ्जनका लागि झुला निर्माण गरिएको छ। "अहिले पनि जरायो र कमलको फूल निमार्णको काम भइरहेको छ।" उहाँले भन्नुभयो-"प्यारातालको पर्यटन प्रवर्द्धनमा सबै तहले लाग्न जरुरी छ ।" उहाँका अनुसार प्यारातालमा पछिल्लो समय धनगढी महेन्द्रनगर लगायतका क्षनेत्रबाट आन्तरिक पर्यटक आउने गरेको बताउनुभयो।

मनोरञ्जनका लागि प्याराताल उपयुक्त गन्तव्य भए पनि सरसफाइ र पूर्वाधार विकासमा ध्यान दिनुपर्ने प्याराताल अवलोकन गर्न पुगेकाहरु बताउँछन् । "पर्यटकीय हिसाबले ताल महत्वपूर्ण छ यहाँ दुर्लभ जलचर, पक्षीसमेत देख्न पाइन्छ।"

प्याराताल अवलोकनका लागि पुगेका टेकबहादुर विश्वकर्माले भन्नुभयो-"ताल परिसरमा सरसफाइ, तालको संरक्षण र पूर्वाधार विकासमा सरकारले लाग्न जरुरी छ ।" ताल छेउमै पर्यटन बोर्डको सहयोगमा वनभोजस्थल बनाइएको छ, भने पुनर्वास नगरपालिकाको सहयोगमा पर्यटकको मनोरञ्जनका लागि झुला निर्माण गरिएका छन् । "अहिले प्यारातालमा आन्तरिक पर्यटक बढ्न थालेका छन् ।रासस

# पर्यटकको पर्खाइमा भोजपुरको छाँगे झरना

भोजपुर । भोजपुरको खार्ताम्छामा रहेको छाँगे झरना जिल्लाकै अग्लो झरनामा पर्छ। एक सय ३९ मिटर अग्लो यो झरना हेर्न पछिल्लो समय पर्यटकको उपस्थिति देखिन थालेको छ।

स्थानीयले यसलाई प्राकृतिको सुन्दर उपहारको रुपमा लिने गरेका छन्। षडानन्द नगरपालिका-३ खार्तम्छामा पर्ने यो झरना हेर्न आन्तरिक पर्यटक पुग्न थालेपछि आम्दानीको राम्रो स्रोत समेत बन्न सक्ने स्थानीयको भनाइ छ।

यहाँ भदौ र वैशाखको पूर्णिमा गरी दुई पटक मेला लाग्छ । मेला बाहेक अन्य समयमा पनि झरना हेर्न तथा त्यहाँ रहेको धामको दर्शन गर्न मानिसहर पुग्ने थालेका छन्। थप प्रचारप्रचार हुनसके यसलाई



पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने स्थानीय बताउँछन्।

झरनाको विकासका लागि षडानन्द नगरपालिका तथा कोशी प्रदेश सरकारको लगानीमा त्यहाँ पुग्नका लागि सिँढी बनाएर बाटो निर्माण गरिरहेको छ। झरना स्थलमा खानेपानीको व्यवस्थासँगै पानी आउँदा बस्नका लागि फलैचासमेत निर्माण गरिएको छ।

छाँगे धाममा दर्शन गरेमा मनोकामना पूरा हुने रोगव्यादी निको हुने जनविश्वास रहेको स्थानीयबासी इन्द्रप्रसाद धमलाले बताउनुभयो । रासस

# 'स्थानीय निकायहरुलाई मजबुत बनाउनतर्फ अग्रसर छ'

**टुडे समाचारदाता**

बारा। मुख्यमन्त्री सतीशकुमार सिंहले स्थानीय तहलाई थप मजबुत बनाउन सरकार अग्रसर रहेको बताएका छन्।

कलैयामा शुक्रबार आयोजित एक सम्मान कार्यक्रममा बोल्दै मुख्यमन्त्री सिंहले प्रदेश सरकारबाट प्रदान गरिने सःशर्त अनुदानको बजेट स्थानीय तहकै सिफारिसमा खर्च हुने गरी व्यवस्था गर्न लागिएको जनाए।




आवश्यकता र औचित्यताको आधारमा बजेट खर्च गर्ने प्रदेश सरकारको नीति अनुसार प्रदेशको ८ वटै जिल्लालाई समान रुपले विकास गर्ने योजना रहेको उनले बताए।

उनले प्रदेश सरकार अहिले पनि केन्द्र सरकारको मातहतमा परेको हुँदा चाहे जस्तो काम गर्न नसकेको बताए। उनले प्रदेश सरकारसंग प्रहरी नहुँदा शान्ति सुरक्षाका लागि काम गर्न नसकेको बताए।

मधेशको विकासका लागि भए पनि सबै मधेशवादी दलहरु एक ठाँउमा उभो सहमति, सहकार्य र एकता भइ हातेमालो गर्न आग्रह समेत गरेका थिए।

मुख्यमन्त्री सिंहले कलैयाको गौरवको योजनाको रुपमा रहेको वडा नं.१ मा निर्माणाधीन 'टाउन हल' को अनुगमन तथा कलैया-२४ स्थित कृषि मेलाको उद्घाटन समेत गरेका छन्।

सो कार्यक्रमको अध्यक्षता गरिरहेका कलैया उपमहानगरपालिकाका नगर प्रमुख बिनोद साहले पहिलाका मुख्यमन्त्री तथा मन्त्रीहरुले कमिशन बिना बजेट तथा योजना नदिएको गुनासो गर्दै अबको नेतृत्वले त्यसमा ध्यान दिनुपर्ने बताए।

सो अवसरमा कलैया उपमहानगरपालिकाका उपप्रमुख रौशन प्रवीण, प्रमुख प्रशासकिय अधिकृत नाथु साहलगायतकाहरुलाई मुख्यमन्त्री सिंहले दोसल्ला ओढाइ सम्मान गरेका थिए। जनमत पार्टीका बारा जिल्ला इन्चार्ज शिवनाथ पटेल लगायतका कार्यक्रममा सहभागी रहेको थियो।

# चिकित्सक हडतालमा उत्रिएपछि बिरामीलाई सास्ती

**टुडे समाचारदाता**

जलेश्वर।महोत्तरीकोजलेश्वरमा रहेको प्रादेशिक अस्पतालका चिकित्सक तथा कर्मचारीहरु हड्तालमा उत्रिए पछि बिरामीहरु सास्ती भोग्न बाध्य भएका छन्।

प्रादेशिक अस्पतालमा कार्यरत करारका चिकित्सक तथा कर्मचारीहरुको म्याद समाप्त भए पनि पुनः करारको म्याद मन्त्रालयले थप गर्न नचाहेपछि उनीहरु आन्दोलनमा उत्रिएका छन्। जसले गर्दा अस्पतालको अत्यावश्यक बाहेक सम्पूर्ण सेवा ठप्प भएको छ।




जलेश्वरमा बिहीबार अस्पताल प्रशासनले अस्पतालमा कार्यरत करारका कर्मचारीलाई म्याद थप नभएका भन्दै कामकाज नगर्न सूचना प्रकाशन गरेपछि करारका चिकित्सक तथा कर्मचारीहरुले शुक्रबार कामकाज नगरेपछि बिरामीहरुले सास्ती भागेका छन्।

एकातर्फ प्रादेशिक अस्पताल जलेश्वरमा कार्यरत रहेका १५ जना छात्रवृत्ति करारका चिकित्सक तथा कर्मचारीहरुले साउन महिनादेखि तलब नपाएको भन्दै हडतालको तयारीमा थिए भने अर्कोतर्फ करारका कर्मचारीको म्याद नथपिएपछि अस्पतालको कामकाज ठप्प भएको।

सो अस्पतालको ओपिडीमा आएका बिरामीहरुलाई चिकित्सकले परीक्षण नगरेपछि बिरामी आक्रोशित भएका छन्।

हडतालमा उत्रिएका अस्थायी करारका चिकित्सक डा.कृष्णा पंजियारले एकातर्फ साउन महिनादेखि आफूहरुले नियुक्ति तथा तलब पाएका छैनौं भने अर्कोतर्फ अस्पताल प्रशासनले कामकाजका लागि म्याद थप्न नसकिने भन्दै सूचना प्रकाशन गरेपछि आफूहरु अन्योलमा रहेको गुनासो गरे।

उनले ओपिडीमा चेकजाँच नभए पनि इमर्जेन्सी सञ्चालनमा कुनै बाधा नरहेको बताए।

अस्पताल प्रशासनले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय जनकपुरधामको मिति २०८१/६/४ गतेको पत्र (मिति २०८१/६/२ गतेको मन्त्रिस्तरीय निर्णय) को आधारमा २०८१ साउन १ गतेदेखि बढीमा तीन महिनाका लागि म्याद थप गर्ने, तर मन्त्रालयको स्वीकृति बिना २०८१ कात्तिक १ गतेदेखि म्याद थप नगर्ने पत्रानुसार अस्पताल प्रशासनसँग म्याद थप गर्ने कानुनी आधार नरहेकाले तपाईहरुको करार म्याद हाललाई थप गर्न नसकिने गरी सूचना प्रकाशित गरेको छ।

सो सूचनामा म्याद थप नहुञ्जेलसम्म तलब भत्ता दाबी नगर्ने शर्तमा हाल करारमा कामकाज गरिरहेका करार सेवाका कर्मचारीहरुले अस्पतालको नियम, कानुन र नियमितता पालना गर्ने गरी आफ्नो पदको कामकाज गर्न इच्छुक भए कामकाज गर्नका लागि यस अस्पतालको कर्मचारी प्रशासन शाखामा निवेदन दिन उल्लेख रहेको छ।

यता सो अस्पतालमा कार्यरत करारका चिकित्सक र कर्मचारीहरुको शुक्रबार बसेको बैठकबाट यस विषयमा थप स्पष्टता माग गरिएको तथा तीन दिनभित्र स्पष्ट जानकारी प्राप्त नभए बैठक बसेर थप आन्दोलन गर्ने चेतावनी करारका चिकित्सक र कर्मचारीहरुले दिएका छन्।

# करेन्ट लागेर एकको मृत्यु, दुई घाइते

**टुडे समाचारादाता**

जलेश्वर। महोत्तरीको गौशाला नगरपालिकामा करेन्ट करेन्ट लागेर एक बालिकाको मृत्यु भएको छ भने दुई जना घाइते छन्।

महोत्तरी प्रहरीले जनाए अनुसार करेन्ट लाग्दा गौशाला-३ स्थित पचाइन टोलकी १२ वर्षीया करिनाकुमारी महतोको मृत्यु भएको छ। बालिकासंगै खेततर्फ जाँदै गरेका छिमेकका १४ वर्षीया साथी विमाकुमारी महतो र १८ वर्षीया राधाकुमारी महतो घाइते छन्।



इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक सूर्य रानाका अनुसार घटनास्थलमै मृत्यु भएको बालिकाको घटना मुचुल्का गरी पोष्टमार्टमका लागि बर्दीबास अस्पतालमा राखिएको छ। घाइते बालिकाहरुलाई गौशालास्थित निजी अस्पतालमा भर्ना गरिएको छ।


मृतक बालिकाका बुवा विहारी महतोले बताए अनुसार गाँउकै अन्य तीन जना साथी सहेलीसंग शुक्रबार बिहान ७ बजेतर्फ घाँस काट्न खेततर्फ जाँदै गर्दा करिनालाई सोही गाउँका तरकारी कृषकले खेतको सुरक्षाका लागि लगाएको तारजालीमा छुँदा मृत्यु भएको छ।

गाउँ नजिकको तरकारी खेतको सुरक्षाका लागि जग्गाधनीले घेरबार गरेको तारजालीमा करेन्ट प्रवाह गरेका थिए। करेन्ट प्रवाहबारे जानकारी नहुँदा सोही तारजालीलाई चलाए पछि घटना वारदात भएको प्रहरीले जनाएको छ। करेन्ट प्रवाह गर्ने जग्गाधनीको खोजी जारी रहेको छ।

# अभिभावकविहीन जनकपुरधाम



ब्लग :



श्यामसुन्दर शशि

पर्व-त्यौहारको मौसममा मनमुटुभित्र सृंगार-शान्त र हास्य रसको रसनचौकी बज्नुपर्नेमा जनकपुरधामवासीको हृदयभित्र रौद्र-विभत्स र अद्भुत रसको डंका बज्दै छ। देवी देवताको आगमनमा सोहर र वधैयाको मधुर राग सुन्न आतूर जनकपुरियाका कानहरु कर्कश डिजे र अस्लील गीत सुन्न बाध्य छन्। धर्मको नाममा व्यापार त सुनेको थिएँ पछिल्लो पटक राजनीति पनि फस्टाउन थालेको छ। देवालयहरुमा देवी देवताको सिंहाशनभन्दा अग्ला मञ्च बनाएर ठूला बडालाई दैवत्वकरण गरिँदै छ। पूजा-पाठ-अनुष्ठान ओझेलमा छ। आडम्बर उत्कर्षमा पुगेको छ।

पर्व-त्यौहारको यस मौसममा साहित्यकार तथा पत्रकार नित्यानन्द मण्डलको बहुचर्चित 'सिरी सम्पादकजीके पत्र' शीर्षकको टिप्पणीबाट आजको आलेख सुरु गर्न चाहन्छु। यद्यपि यस पटक नित्याले मेयर साहेबलाई सम्बोधन गरेर पत्र लेख्नु भएको छ-

'मन होइए बरसातीमे विश्राम कैरती !!'

सिरी मेयर साहेव

पैरनाम।

कुशलमंगल ठीके हइ। आइ पुर्णिमामे जनकपुर आएल छी। भगवानके दरसन भ' गेल। आवअहाँके दरशन करय चाहैत छी। मुरहीकचरी, चप, बरी जलखै खैली। आवविश्राम, आराम करयके मन होइय। कत करु ? रामायणी घर बरसाती त खालिएनइँ हय। भरि बरसाती त दफाली दोकान, लटगेनाके दोकानखुजलहइ। कतौ एकोरत्ती दअर नइँहइ जे टाँग हाथपसाइरती। आबअहीकहू जे हमतिथार्थी, जात्री सभ कतए रहबै ?गंगासागरकेधर्मशाला त लजे जेकाँ भ गेल हइ।

अपनेके बुझले होबके चाही जे जनकपुरमे पहिने साधुसन्तआएलहइ, तब लगपासक गृहस्थकिसानआओहि मेलाठेलामे आएल गृहस्थकिसान सभके किनमेलमे सहयोग करयके लेल खुद्राव्यापारीसभ। सभके अपनअपन स्थान रहै। मगर ओहि तिर्थार्थी आ दरशनार्थीके विश्राम स्थल त बरसातिए छलै। साहएअपनेके कहल जे दरशार्थी कतएजा क रहतै ?तकर जिम्मेवारी अपनेके हइकीनहि से कहु। नहि त हमसभदिनमे त कोनो गप्पे नइँ रातिभरि जानकीमन्दिरके कम्पाउण्डमे सुतैए छी, मगर दिनमे कतए जाउ ?

अपनेक उल्हनियाँ

जिलेवीया देवी

मधुवनी बिहार

नित्यानन्द मण्डलको काल्पनिक पात्र जिलेविया देवीलाई थाहा छ कि छैन- धनुषसागरको पश्चिमी मोहारमा निर्मित रामायण भवन वर्षाती हो। वर्षाती भनेको जनकपुरधामका मठ-मन्दिरहरुमा पूजा-अर्चना, मेला-ठेला तथा घूम-फिर गर्न आएका श्रद्धालुहरुलाई घाम, पानीलगायतका प्राकृतिक विपदामा विश्राम गर्ने उद्देश्यले बनाइएको भौतिक संरचना हो। माथि दुई तल्लामा सिंगै रामचरित मानसका दोहा तथा चौपाई लेखिएको यस वर्षातीको भुइँ तल्ला खाली राखिनुको उद्देश्य खुल्ला स्थानमा श्रद्धालुहरु बस्न, सुत्न र आराम गर्न सकोस् भन्ने नै हो। वर्षाती निर्माता मनकारीबन्धु हुन्-परम आदरणीय कमल जायसवाल र रघुनाथ जायसवाल। वर्षातीको पूर्वी प्रवेशद्वारमा अवस्थित शिलालेख अनुसार-२०१३ सालमा रघुनाथ राम र कमलप्रसाद जायसवालले जिर्णोद्धार गरेको उल्लेख छ। गौं संरक्षण मञ्चका अध्यक्ष जगदीश महासेठका अनुसार-दाता जायसवालबन्धुले वर्षाती संचालनको लागि उत्तरी-पूर्वी धनुषामा झण्डै २० विघा जग्गा पनि दान दिएका थिए। जुन जग्गा गुठी संस्थानले लगभग ४ करोड रुपैयाँमा बिक्री गरिसकेको छ। ४ करोडमध्ये झण्डै १ करोड हिनामिना भएको आरोपमा केही उच्चपदस्थ सरोकारबालाहरुमाथि मुद्दा पनि चल्दैछ। करिब ३ करोड जग्गा अझै पनि रामायण भवन वर्षातीको खातामा बाँकी छ। गुठीका एक कर्मचारीका अनुसार- वर्षाती निर्माणको वर्षेणी ३० लाख बिनियोजन पनि गरिँदै आएको हो। तर काम भने सुरु हुन सकेको छैन।

मनकारी जायसालबन्धुले निजी लगानीमा बनाइ दिएको रामायण भवन (वर्षाती) को जग्गा गुठी संस्थानले बिक्री गर्नुको अर्थ भयो, यो संरचना गुठी संस्थानको मातहातमा छ। यसको संरक्षण, संवर्द्धन तथा मर्मत सम्भारको जिम्मेवारी गुठी संस्थानको छ। तर श्रद्धालुहरुको सुविधाको लागि निर्माण गरिएको वर्षातीमा आज सिंदुर, चुरा, चुनरी आदीको लटगेना बाजार छ। वर्षातीभित्र पसल थापेर सर सामग्री राख्न ठूल्ठूला ट्रंकहरु राखिएका छन्। पसलेहरुको भोजन, आवासको व्यवस्था पनि भित्रै छ। वर्षातीको जग्गा बिक्री गर्ने गुठी संस्थानको कार्यालय ५० मिटर अगाडिको राम मन्दिर भित्रै छ। गुठी संस्थानका कर्मचारीहरु के हेरेर बसेका छन् ? वर्षाती भित्र लागेको बाजारको ठेक्का कसले लगाउँछ ? गुठी संस्थान ? जनकपुरधाम उपमहानगर पालिका ?वा कुनै युवा क्लब ? खोजी कसले गर्ने ? जनकपुरधामको अभिभावक को ?



> कुनपर्व कहिले मनाउने विषयमा जनकपुरधाममा सधैं अन्योल हुन्छ। कुनै आधिकारिक निकाय छैन जसले एउटै तिथि निर्धारण गरोस् अनि त्यहीं तिथिमा सिंगै जनकपुरधाम पर्व उत्सव मनाओस्।

यस विषयमा मैले केही पसलेसंग कुराकानी पनि गरेको थिएँ। एक थरी व्यापारीको कथन छ- दैनिक एक सय रुपियाँ नगरपालिकाका ठेकेदारले लिन्छन्। अर्को थरीका व्यापारी भन्छन्- मेला ठेलामा मात्र बट्टीतिर्नु पर्छ। तर दुबै व्यापारीले भन्छन्- बट्टी लिएको रसिद दिदैंन। यदी जनकपुरधाम उपमहानगर पालिकाले वर्षातीको पसल ठेक्का लगाएको हो भने बट्टी असुली गरेको रसिद दिनु पर्ने हो। यिनीहरु स्थायी व्यावसायी हुन् भने यसको अभिलेख नगरपालिकासंग हुनु पर्‍यो। फेरी गुठी संस्थानको सम्पतिमा लागेको हाट बजारको ठेक्का लगाउने अधिकार पालिकासंग छ कि छैन ?

एउटा अर्को प्रशंग पनि जोडौँ। मेरो रेडियो कार्यक्रम समधियामा गौपालजी नामका एक जिज्ञासुले गत मंगलबार मसंग सोध्नु भयो- 'सर कोजाग्रत पूर्णिमा कहिले हो ? नेपाली पञ्चाङ बिहीबार लेख्छ। मिथिलापञ्चाङ बुधवार लेख्छ।' मैले भनेको थिएँ- 'महाशय हामीले मिथिलापञ्चाङ मान्नु वेस होला की ?' जनकपुरधाम श्रेत्रका झण्डै ९९ प्रतिशत मठ-मन्दिर तथा शतप्रतिशत घरमा बुधवार नै कोजाग्रत पूर्णिमा सम्पन्न भयो, तर जानकी मन्दिरमा बिहीबार। हालै सम्पन्न भएको बडा दशमीमा महिला दिदीबहिनीहरु सप्तमी तिथिको दिन भगवतीको खोँइछ भर्नु हुन्छ, तर खोँइछ कहिले भर्ने ? महिला दिदीबहिनीहरु तीन दिन भौतारिनु पर्‍यो। भोक भोकै बसेर शक्तिपीठसम्म पुगेकीहरुलाई फिर्ता पठाइयो। कुनपर्व कहिले मनाउने विषयमा जनकपुरधाममा सधैं अन्योल हुन्छ। कुनै आधिकारिक निकाय छैन जसले एउटै तिथि निर्धारण गरोस् अनि त्यहीं तिथिमा सिंगै जनकपुरधाम पर्व उत्सव मनाओस्। त्यसैले आज बाध्य भएर यस आलेखको शिर्षक लगाउनु परेको छ- अभिभावकविहीन जनकपुरधाम।

# बाढी प्रभावित परिवारलाई नगद सहयोग

**टुडे समाचारदाता**

राजविराज। बाढीबाट प्रभावित सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका २ सय २२ परिवारले राहत स्वरुप नगद रकम प्राप्त गरेका छन्।




शुक्रबार हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ९ को कार्यालयमा आयोजित "कोशीबाढी प्रभावित घरधुरीका लागि नगद हस्तान्तरण कार्यक्रम"मा यस्तो सहयोग उपलब्ध गराएको छ।

विश्व खाद्य कार्यक्रमको सहयोग, सेवक नेपालको आयोजना तथा ९ नं. वडा कार्यालयको समनवयमा उक्त वडाका २ सय २२ परिवारलाई जनही १५ हजारका दरले नगद सहयोग उपलब्ध गराइएको छ।

पूर्वानुमानमा आधारित अग्रिम कार्य परियोजना अन्तर्गत सो पालिकाका बाढी प्रभावित घरधुरीका करिब १ हजार ३ सय भन्दा बढी बाढी पीडितले हालसम्म नगद सहयोग प्राप्त गरिसकेको सेवक नेपाल संस्थाका कार्यक्रम प्रमुख मुरारी शुक्लाले बताए।

उनले कोशी बाढीबाट प्रभावित व्यक्तिको पहिचान सम्बन्धित वडा कार्यालय, स्थानीय विपद् व्यवस्थापन समितिका प्रतिनिधि तथा सुरक्षा निकायका प्रतिनिधिसमेत राखेर निष्पक्ष ढंगले चयन गरिएको दाबी समेत गरेका छन्।

वडाअध्यक्ष हरिचन्द्र बर्माले पनि बाढी प्रभावित क्षेत्रको स्थलगत निरिक्षण पश्चात् सुविधा पाउने पीडितको पहिचान र सूची तयार गरि नगद सहयोग बितरण गरिएको जनाएका छन्।

यता शुक्रबार नै सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका र हनुमाननगर कंकालिनी नगरपालिकाका केही वडाका बाढी पीडितहरुले हालसम्म राहत बितरण भएका र अब पाउन बाँकी रहेकाहरुको नामावली सार्वजनिक गर्न, बास्तविक बाढी पीडितलाई राहत उपलब्ध गराउन, राहत बितरण प्रक्रियालाई व्यवस्थित बनाउन तथा राहत बितरण प्रक्रियाको छानबिन हुनु पर्ने लगायतका माग राख्दै प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीलाई ज्ञापनपत्र बुझाएका छन्।

# माटोको ढिस्कोमा पुरिएका ५ जनाको उद्धार

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको राजधानीमा माटोको ढिस्कोमा पुरिएका ५ जनाको उद्धार गरिएको छ भने एकको अवस्था गम्भीर रहेको छ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २४ स्थित बसहियामा माटोको ढिस्कोमा पुरिएका ५ जना महिला तथा बालिकाको उद्धार गरिएको धनुषा प्रहरीले जनाएको छ।



दीपावली आउनु अघि घरको सरसफाई तथा रंगरोगनका लागि माटो लिन गएका उनीहरु माटोको ढिस्कोमा पुरिएका थिए।

स्थानीय ३० वर्षीया रिता देवी, ३५ वर्षीया निर्मला दास, चाँदनी मुखिया १२, ८ वर्षीया मेघा मण्डल र ६ वर्षीया कल्पना मण्डललाई धनुषा प्रहरीले उद्धार गरेको थियो।

ती पाँचै जनालाई उद्धार गरी प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको छ भने ६ वर्षीया कल्पनाको अवस्था भने गम्भिर रहेको प्रहरीले जनाएको छ। बसहियामा ठूल्ठूला इट्टा भठ्ठाहरु रहेका छन् भने लामो समय देखि रहेका सो भठ्ठाले ठूल्ठूला तथा गहिरो खाल्डो बनाएका छन्। त्यहाँका स्थानीयवासीहरु भने सोही खाल्डोबाट माटो लिएर घरको रंगरोगन गर्ने उनीहरुको योजना थियो।

**निमोनियाबाट बचौं र बचाऔं**

**फोक्सोमा हुने निमोनिया संक्रमणका लक्षणहरु:**

- ज्वरो आउने, खोकी लाग्ने,
- स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
- स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
- शरिर निलो हुने,

**यसबाट बढिमात्रामा बालबालिका प्रभावित हुने हुदाँ, त्यस्ता लक्षण देखिएमा तुरुन्त अस्पताल वा चिकित्सकसँग परामर्श गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८